# वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/०८१

गण्डकी प्रदेश सरकार

## गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

# वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/०८१

गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

असोज २०८१

**प्रकाशकः**
गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल
फोनः ०६१- ४५११८८
इमेलः info@ppc.gandaki.gov.np, pppcgandaki@gmail.com
बेवसाइड : ppc.gandaki.gov.np

**© प्रतिलिपि अधिकारः**
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल

प्रकाशन मिति : २०८१ असोज
मुद्रण प्रति : १५० प्रति

# गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन



**माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे**
माननीय मुख्यमन्त्री एवम् अध्यक्ष



**डा. कृष्णचन्द्र देवकोटा**
उपाध्यक्ष



**रघुराम विष्ट**
का.मु प्रमुख सचिव



**श्री माया तिम्सिना**
सदस्य



**श्री दिपक भण्डारी**
सदस्य



**श्री पुरूषोत्तम शर्मा**
प्रदेश सचिव
आर्थिक मामिला मन्त्रालय



**श्री बद्रिनाथ अधिकारी**
सदस्य सचिव
गण्डकी प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश सरकार

# गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

फोन नं.: ०६१-४५११८८

प.सं.: २०८१/०८२

च.नं.:

मिति: २०८१।०६।१३

माननीय मुख्यमन्त्रीज्यू,
गण्डकी प्रदेश सरकार,
पोखरा।

विषय: वार्षिक प्रतिवेदन पेश गरिएको।

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा २३ बमोजिम आर्थिक बर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन यसै साथ संलग्न गरी पेस गरिएको बेहोरा सादर अनुरोध छ।

...................................
(डा. कृष्णचन्द्र देवकोटा)
उपाध्यक्ष

E-mail: pppcgandaki@gmail.com, info@ppc.gandaki.gov.np | Website: ppc.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
फोन नं.: ०६१-४५११८८
# गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल

## दुई शब्द

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश २०८१ को दफा २३ को व्यवस्था अनुसार आयोगले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका प्रमुख काम कारबाही र त्यसबाट हासिल भएका उपलब्धिहरूको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेस गर्न पाउँदा खुशी लागेको छ।

गण्डकी प्रदेशको उच्च आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने बिशिष्टिकृत निकायको रूपमा गण्डकी प्रदेश नीति तथा योजना आयोग स्थापना भएको हो ।आयोगले स्थापनाको उद्देश्य अनुरूप गण्डकी प्रदेशको विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने, विकास आयोजना/कार्यक्रमको अनुगमन गर्ने गराउने र संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने जिम्मेवारी निर्वाह गर्दै आएको छ। आयोगले प्रदेशको समग्र समुन्नतिका लागि दूरगामी सोच सहितको आवधिक योजना तर्जुमा, क्षेत्रगत रणनीतिहरुको तर्जुमा, त्यसको कार्यान्वयनमा सहजीकरण, नयाँ विकास कार्यक्रमहरुको लेखाजोखा, पूर्व-परीक्षण र मूल्याङ्कन लगायतका कार्यहरु सम्पादन गर्दै आएको छ। साथै, प्रदेशको तथ्याङ्क प्रणालीलाई सबल बनाउँदै तथ्य प्रमाणमा आधारित नीति तथा योजना र कार्यक्रम अघि बढाउन आयोगले प्रयास गर्दै आएको छ। आयोगले प्रदेशको स्रोतको अनुमान, प्रक्षेपण र वितरण सहित अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुको अध्ययन गरी हरेक वर्ष मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने गरिएको छ। आयोग गठन तथा कार्यसञ्चालन सम्बन्धी गठन आदेश एवम् सम्बद्ध कानुनको परिधिमा रही आयोगले आफ्ना वार्षिक कार्यक्रम र क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ। विकास कार्यक्रम र आयोजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न कार्यक्रम र आयोजनाको छनौटमा उपयुक्त मापदण्डहरुको तर्जुमा, कार्यान्वयनमा सम्वद्ध निकायबीचको समन्वय र तीन तहबिचको समन्वय र सहकार्य मजबुत बनाउदै लैजानुपर्ने आवश्यकता देखिएको छ।

यस क्रममा आयोगको समग्र काममा नेतृत्व तथा अभिभावकत्व प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री एवम् आयोगका अध्यक्षप्रति कृतज्ञ छु । साथै आयोगको कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै प्रतिवेदन तयारीमा योगदान पुऱ्याउने आयोगका सदस्य, आयोगका सचिव, प्रतिवेदन तयारीका लागि खट्ने सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

डा. कृष्णचन्द्र देवकोटा
उपाध्यक्ष

असोज, २०८१

# विषयसूची


## परिच्छेद - एक
## परिचय

१.१ पृष्ठभूमि १
१.२ गण्डकी प्रदेश नीति तथा योजना आयोगको परिचय १
१.३ गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन २
१.४ गण्डकी प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार ३
१.५ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था ११

## परिच्छेद - दुई
## आयोगले सम्पादन गरेका कार्यहरु

२.१ प्रथम पञ्चवर्षीय योजनाको समीक्षा १४
२.२ दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) तर्जुमा १५
२.३ आयोगबाट गरिएका अध्ययन अनुसन्धान प्रतिवेदनको सारांस १९
२.४ आयोगका नियमित कार्यहरु २५

## परिच्छेद - तीन
## विकास व्यवस्थापनका वर्तमान अवस्था, समस्या र चुनौती

३.१ विद्यमान अवस्था ३०
३.२ प्रदेशको विकासमा देखिएका देहायका मूलभूत समस्या र चुनौतीः ३०
३.३ विकास व्यवस्थापनका लागि गरिएका प्रयास ३२
३.४ गण्डकी प्रदेश नीति तथा योजना आयोगले सामना गरेका समस्या तथा चुनौतीहरु ३३
३.५ गण्डकी प्रदेश नीति तथा योजना आयोगको आगामी कार्यदिशा ३३
३.६ योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरु ३४

## अनुसूची

अनुसूची - १ आयोगको संगठन संरचना
अनुसूची - २ आयोगका पदाधिकारी र कर्मचारी विवरण
अनुसूची - ३ प्रदेश विकास समस्या समाधान समितिको स्वरुप
अनुसूची - ४ प्रदेश विकास समस्या समाधान समितिको बैंठकका निर्णयहरु
अनुसूची - ५ गण्डकी प्रदेश नीति तथा योजना आयोगका बैठकका निर्णयहरु
अनुसूची - ६ आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम

# परिच्छेद - एक
# परिचय

## १.१ पृष्ठभूमि

गण्डकी प्रदेशको उच्च आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टिकृत निकायको रूपमा गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन भएको हो। नेपालको संविधान बमोजिम वि. सं. २०७४ फागुन ४ गते प्रदेश सरकार स्थापना भई २०७५ साउन ६ गते प्रदेश नीति तथा योजना आयोग गठन भएको थियो। आयोगले २०७५ साउन २२ गतेदेखि औपचारिक रुपमा आफ्नो कार्य प्रारम्भ गरेको थियो। आयोग हाल "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१" अनुसार नियमित कार्य सञ्चालन तथा व्यवस्थापन हुँदै आएको छ।

आयोगको काम, कर्तव्य र अधिकार, संस्थागत तथा कार्यगत व्यवस्था, आर्थिक वर्ष २०८०/०८१ मा सम्पादित प्रमुख कार्यहरू तथा उपलब्धि, आयोगको कामकारबाहीमा देखा परेका समस्या तथा चुनौतीहरू र आयोगको भावी कार्य दिशा समेटेर गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा २३ को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। आयोगको कार्य जिम्मेवारी भित्र रही गत वर्ष आयोगबाट भएका आन्तरिक मूल्याङ्कनका निचोड, आयोगले तर्जुमा तथा प्रकाशन गरेका विकास कार्यक्रम तथा आयोजना सम्बन्धी मापदण्ड र मार्गदर्शन, विनियोजित बजेट र खर्चको अवस्था, आयोगको बैठकबाट भएका निर्णयहरू तथा प्रदेश विकास समस्या समाधान समितिको बैठकका निर्णयहरू प्रतिवेदनको अनुसूची खण्डमा समावेश गरिएको छ।

## १.२ गण्डकी प्रदेश नीति तथा योजना आयोगको परिचय

गण्डकी प्रदेशको उच्च आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन र नीतिको अनुसन्धान तथा विकास गरी

गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने निकाय हो। आयोगले आवधिक योजनाको तर्जुमा गरी कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दै आएको छ। यसले प्रदेशस्तरीय विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनको लागि प्रादेशिक निकायको रूपमा कार्य गर्दछ। यसैगरी प्रदेशको आर्थिक विकास र योजना सम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि मञ्चको रूपमा कार्य गर्दछ।

## १.३ गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन

गण्डकी प्रदेशमा उच्च आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन गरिएको छ। गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा ३ बमोजिम आयोगको गठन देहायअनुसार रहेको छः

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) | प्रदेश सरकारबाट नियुक्त एक जना | -उपाध्यक्ष |
| (ग) | प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य |
| (घ) | प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा दुई जना | - सदस्य |
| (ङ) | प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय | - सदस्य |
| (च) | प्रदेश सचिव, प्रदेश नीति तथा योजना आयोग | -सदस्य-सचिव |

गठन आदेश अनुसार उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, विज्ञान तथा प्रविधि र प्राकृतिक स्रोत वा मानव स्रोत व्यवस्थापन, वातावरण वा जलवायु परिवर्तन सम्बन्धी विषय विज्ञ मध्येबाट नियुक्ति गरिने व्यवस्था रहेको छ।

गण्डकी प्रदेश सरकारबाट स्वीकृत आयोगको संगठन संरचना अनुसूची १ मा संलग्न छ त्यसै गरी आयोगमा हाल कार्यरत पदाधिकारी तथा कर्मचारीको विवरण अनुसूची २ मा संलग्न रहेको छ ।

## १.४ गण्डकी प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार

### १.४.१ गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा ८ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

**(क) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनः**

(१) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजनासँग तादात्म्यता मिलाउन विषयगत मन्त्रालयसँग छलफल गर्ने,

(२) औचित्य र आवश्यकताका आधारमा कार्यक्रम संशोधन गर्नु परेमा मन्त्रालयलाई सहजीकरण गर्ने,

(३) कार्यक्रम कार्यान्वयनमा मन्त्रालय र अन्य निकायलाई सहजीकरण गर्ने,

(४) प्रदेशको समग्र स्रोतको प्रक्षेपण गरी प्राथमिकताका आधारमा क्षेत्रगत सन्तुलन मिलाई विषयगत मन्त्रालयलाई बजेटको स्रोत सीमाको आँकलन गर्ने।

**(ख) अनुगमन तथा मूल्याङ्कनः**

(१) प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरू र

प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नु पर्ने सुधार गर्ने, गराउने,

(३) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कन कर्ता तथा विषयगत पेशागत् सङ्घ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

**(ग) तहगत समन्वयः**

(१) सङ्घ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(२) प्रदेश सरकारका क्षेत्रगत नीतिहरूमा परामर्श दिने,

(३) आयोजना बैंक सम्बन्धी कार्य गर्ने,

(४) राष्ट्रिय तथा प्रादेशिक योजनासँग तादात्म्य हुने गरी प्रदेशभित्रका स्थानीय तहहरूको आवधिक योजना निर्माण परिमार्जनमा समन्वय, सहयोग र साझेदारी गर्ने।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषणः**

(१) प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिक, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत् सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) सार्वजनिक, निजी एवं गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा विकास, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने,

(४) आयोजनाको अवधारणापत्र सम्बन्धी कार्य गर्ने,

(५) विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,

(६) क्षेत्रगत र विषयगत स्वयंसेवकको छनौट गर्ने, हटाउने, प्रशिक्षार्थी प्रशिक्षण लिने।

**(ङ) अन्यः**

(१) प्रदेश सरकार मातहतका मन्त्रालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमहरूको चौमासिक/वार्षिक प्रगति समीक्षा गर्ने,

(२) प्रदेशको समग्र समृद्धिका लागि भविष्य परक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्ग चित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

(३) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय, सुशासन समेतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(४) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने,

(५) प्रदेशको स्रोतको अनुभव, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,

(६) अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा सोको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(७) प्रदेशको समष्टिगत अर्थतन्त्रको अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

(८) सङ्घ, प्रदेश तथा स्थानीय तहको सह लगानी हुने आयोजना छनौट र पूर्व तयारी गर्न आवश्यक काम गर्ने,

(९) प्रदेशस्तरका ठूला आयोजनाहरूको छनौट गर्ने,

(१०) निजी क्षेत्र, सहकारी, सामुदायिक वा बाह्य लगानीका आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्ने,

(११) सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजना तर्जुमा तथा कार्यान्वयन समेतका विषयमा गण्डकी प्रदेश विकास प्राधिकरणसँग समन्वय गर्ने,

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीति संवाद सञ्चालन र सहजीकरण गर्ने,

(१३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापन गर्ने गराउने।

(१४) सम्बन्धित मन्त्रालय तथा निकायसँग समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी परामर्श दिने।

### १.४.२ प्रचलित कानुन बमोजिम आयोगका काम, कर्तव्य र अधिकार

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र सोही ऐनको दफा २२ अनुसार राजस्व र व्ययको अनुमान पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त कानुनी प्रावधान कार्यान्वयनका लागी प्रदेश कानुन बमोजिम देहायको प्रबन्ध गरिएको छः

## (क) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

### १. मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ अनुसार नीति तथा योजना आयोगले आवधिक योजनाका आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने।
- नीति तथा योजना आयोगले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति एकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने।

### २. स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ अनुसार नीति तथा योजना आयोगले आर्थिक मामिला मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरि सक्नुपर्ने।
- नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा प्रदेश स्रोत अनुमान समिति रहने।

- स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि प्रदेशको स्रोत अनुमान गर्नु पर्ने।
- स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नुपर्ने।
- स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी प्रतिवेदन आर्थिक मामिला मन्त्री समक्ष पेश गर्नुपर्ने।

## ३. बजेट सीमा र मार्गदर्शन पठाउने

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ७ अनुसार नीति तथा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको फागुन पन्ध्र गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालयमा पठाउनु पर्ने।

## ४. बजेट प्रस्तावमा छलफल गरी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ अनुसार लेखा उत्तरदायी अधिकृतले बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने।
- प्रदेश नीति तथा योजना आयोगले प्राप्त प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्मस्, ड्रइङ्ग तथा डिजाइन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको

विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सोको प्रतिवेदन आर्थिक मामिला मन्त्री समक्ष पेश गर्नु पर्ने।

## (ख) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९

### १. मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया र समय सीमा

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १० बमोजिम नीति तथा योजना आयोगले मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व हुनेगरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी चैत मसान्तभित्र तयार गर्नुपर्ने।
- प्रदेश सरकारका प्रत्येक मन्त्रालयले मध्यमकालीन खर्च संरचनाको खाकाको आधारमा आयोगले निर्धारण गरेको विवरण समावेश गरी मध्यमकालीन खर्च संरचना तयार गरी वैशाख पन्ध्र गते भित्र नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्नेः
    - क. आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल,
    - ख. तीन आर्थिक वर्षको आयोजना वा कार्यक्रमगत अनुमानित वार्षिक बजेट,
    - ग. गत आर्थिक वर्षको यथार्थ खर्च र चालु आर्थिक वर्षको विनियोजन सहितको बजेट खाका,
    - घ. तीन आर्थिक वर्षमा हासिल हुने अपेक्षित प्रतिफल, असर र प्रभावसहितको नतिजा खाका।

### २. बजेट तर्जुमा प्रक्रिया

(१) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १५ बमोजिम केन्द्रीय निकायले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ७ बमोजिम नीति तथा योजना आयोगबाट बजेट मार्गदर्शन प्राप्त भएपछि सोको अधीनमा रही आफ्नो कार्यालय वा

निकायको उद्देश्य अनुरूपको लक्ष्य निर्धारण गरी सोको आधारमा तोकिएको ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम र नीति तथा योजना आयोगले तोकेको ढाँचामा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु पर्नेछ।

(२) केन्द्रीय निकायले बजेट मार्गदर्शन प्राप्त भएको सात दिनभित्र सो मार्गदर्शनमा उल्लिखित बजेट सीमाको अधीनमा रही आफ्नो कार्यालयको आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना प्रस्ताव गरी पठाउन अवधि तोकी मार्गदर्शन तथा ढाँचा सहित मातहतको कार्यालयलाई लेखी पठाउनु पर्नेछ।

(३) बजेट मार्गदर्शन प्राप्त भएपछि प्रत्येक कार्यालयले आफ्नो कार्यालयको उद्देश्य अनुरुपको लक्ष्य निर्धारण गरी बार्षिक बजेट तथा कार्यक्रम र नीति तथा योजना आयोगले तोकेको ढाँचामा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी तालुक मन्त्रालय वा निकायमा पठाउनु पर्नेछ।

(४) कार्यालयले बजेट तर्जुमा गर्दा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको आधारमा रही कार्यक्रम वा आयोजनाको लागि मात्र बजेट प्रस्ताव गर्नु पर्नेछ।

(५) कार्यालयले बजेट प्रस्ताव गर्दा आफ्नो कार्यालयबाट राजस्व उठ्ने भएमा सोको अनुमान समेत पेश गर्नु पर्नेछ।

(६) कार्यालयको बजेट तर्जुमा गर्दा प्रदेश आयोजना बैंकमा प्रविष्ट भएको, नीति तथा योजना आयोगबाट कार्यान्वयनको लागि स्वीकृत भएको र आर्थिक मामिला मन्त्रालयबाट स्रोत सुनिश्चितता सहित सहमति दिइएको बहुबर्षीय आयोजनाको रूपमा कार्यान्वयन गरिने आयोजनाको लागि आवश्यक रकम प्रस्ताव गर्नु पर्नेछ।

(७) कार्यालयले वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नु पर्नेछ।

(८) कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत, गत आर्थिक वर्षसम्मको प्रगति, चालू आर्थिक वर्षको लक्ष्य र छ महिनासम्मको प्रगति विवरण बजेटमा समावेश गर्नु पर्नेछ।

(९) कार्यालयले नियम बमोजिम बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना पठाउँदा तोकिएको ढाँचामा कार्यालयको चालू आर्थिक वर्षको पहिलो छ महिनासम्मको प्रगति विवरण समेत पठाउनु पर्नेछ।

(१०) मातहतको कार्यालयबाट बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना खाका प्राप्त भएपछि लेखा उत्तरदायी अधिकृतले तर्जुमा गरेको र मातहत कार्यालयबाट प्राप्त बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचनाको विश्लेषण तथा जाँच गरी बजेट मार्गदर्शन र आवधिक योजना अनुरूप उपलब्धि मूलक भए वा नभएको यकिन गरी त्यस्तो बजेट तथा कार्यक्रम स्वीकृत गरी आर्थिक मामिला मन्त्रालय र नीति तथा योजना आयोगमा पठाउनु पर्नेछ।

(११) लेखा उत्तरदायी अधिकृतले बजेट तथा कार्यक्रम स्वीकृत गर्दा प्राप्त बजेट सीमाबाट प्रतिबद्धता रकम र भुक्तानी हुन बाँकी सिर्जित दायित्वको लागि पुग्ने रकम छुट्याएर मात्र अन्य कार्यक्रमको लागि बजेट स्वीकृत गर्नु पर्नेछ।

(१२) स्वीकृत बजेट तथा कार्यक्रम पठाउँदा बजेट मार्गदर्शनको आधारमा त्रैमासिक विभाजनसहित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत पठाउनु पर्नेछ।

(१३) केन्द्रीय निकायले वित्तीय हस्तान्तरण अन्तर्गतको ससर्त अनुदान रकमको प्रस्ताव गर्दा चालू कार्यक्रमको निरन्तरता, त्यस्तो खर्चको आवश्यकता, पुष्ट्याइँ र कार्यसम्पादनको आधारमा गर्नु पर्नेछ।

(१४) बजेट तर्जुमा गर्दा बजेट तथा कार्यक्रममा छलफल गर्ने, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, बजेट तथा कार्यक्रम पठाउने र बजेट तथा कार्यक्रम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत प्रविष्ट गर्ने जस्ता कार्य बजेट मार्गदर्शनमा तोकिएको समय सीमाभित्र सम्पन्न गर्नु पर्नेछ।

**३. आयोजनाको वर्गीकरण**

(१) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १६ बमोजिम प्रदेश सरकारले आयोजनाको वर्गीकरण गर्दा नेपाल सरकारले

अवलम्बन गरेको समग्र विकास नीति, प्रदेशको विकास नीति तथा योजना, प्रदेश कानुन र अन्तर सरकारी वित्त परिषद्‌को निर्णय समेतको आधारमा गर्नु पर्नेछ।

(२) आयोजना वर्गीकरण गर्ने आधार तथा मापदण्ड नीति तथा योजना आयोगको सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ।

**४. प्रदेश स्रोत अनुमान समितिको गठन**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११ बमोजिम स्रोत अनुमान समितिको संरचना देहायबमोजिम रहेको छः

क. उपाध्यक्ष, नीति तथा योजना आयोग - संयोजक

ख. सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने), नीति तथा योजना आयोग - सदस्य

ग. सचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य

घ. प्रमुख, नेपाल राष्ट्र बैंक पोखरा शाखा - सदस्य

ङ. प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

च. सदस्य-सचिव, प्रदेश नीति तथा योजना आयोग - सदस्य-सचिव

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १२ मा स्रोत अनुमान समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ।

## १.५ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था

### १.५.१ प्रदेश विकास परिषद्

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा ९ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शकका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विकास परिषद् रहने व्यवस्था छ। उक्त परिषद्‌मा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभामा संसदीय दलका नेताहरू, प्रदेश सभा समितिका सभापतिहरू, राष्ट्रिय योजना आयोगको गण्डकी प्रदेश हेर्ने सदस्य, प्रमुख सचिव, प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुखहरू मध्येबाट प्रदेश सरकारले मनोनीत गरेका ३ जना, आयोगको उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोगका सदस्यहरू, प्रदेश भित्रका स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष वा प्रमुख/उपप्रमुख मध्येबाट जिल्ला र भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी प्रदेश सरकारबाट मनोनीत ३३ जना, प्रदेश सचिवहरू,

प्रचलित कानून बमोजिम स्थापना भएका सङ्घ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट कम्तीमा एक तिहाइ महिला सहित प्रदेश भित्रका प्रत्येक जिल्लाबाट एक एक जना गरी प्रदेश सरकारबाट मनोनीत २० जना सदस्य रहने व्यवस्था रहेको छ। आयोगका सचिवले प्रदेश विकास परिषद्को सदस्य-सचिव भई कार्य गर्ने व्यवस्था छ। आयोगले तयार गरेको प्रादेशिक योजना परिषद्को बैठकमा छलफल भएपछि सो परिषद्को निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गरिनेछ।

### १.५.२ प्रदेश विकास समस्या समाधान समिति

प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ मा प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था रहेको छ। गण्डकी प्रदेशका विकास नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयमा काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रूपमा रहने गरी एक प्रदेशस्तरीय विकास समस्या समाधान समिति रहनेछ। प्रदेश विकास समस्या समाधान समितिको स्वरूप अनुसूची ३ मा उल्लेख गरिएको छ। साथै समितिका निर्णयहरू अनुसूची ४ मा समावेश गरिएको छ ।

प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ अनुसार प्रदेश विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट सञ्चालित कार्यक्रम वा आयोजना कार्यान्वयनको अवस्था र प्रगति बारे चौमासिक र वार्षिक समीक्षा गर्ने,

(ख) कार्यक्रम वा आयोजनाको कार्यान्वयन तहमा भएका अन्तर-मन्त्रालयगत, नीतिगत एवम् कानुनी विषयमा देखिएका समस्याको समाधान गर्ने,

(ग) कार्यक्रम वा आयोजना कार्यान्वयनमा देखिएका समस्याको अध्ययन तथा मूल्याङ्कन गराई उचित समाधान गर्ने,

(घ) प्रदेशभित्र रहेका स्थानीय तहलाई प्रदान गरिएका विभिन्न प्रकारका अनुदान (ससर्त, समपूरक, विशेष) को उपयोग र सोको नतिजाहरूको प्रगति समीक्षा गर्ने,

(ङ) स्थानीय तहमा गरिने अनुगमन तथा मूल्याङ्कन कार्यको समन्वय गर्ने,

(च) प्रदेश स्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका राष्ट्रिय स्तरका समस्याको समाधानका लागि उपयुक्त उपाय सहितको प्रस्ताव राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने,

### १.५.३ प्रदेश स्रोत अनुमान समिति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ मा नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा प्रदेश स्रोत अनुमान समिति रहनेछ। समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहने व्यवस्था छः

(क) प्रदेशको खर्च, राजस्व, नेपाल सरकारबाट प्राप्त हुने अनुदान र बजेट कार्यान्वयनको समीक्षा गरी उपलब्ध हुन सक्ने स्रोतको आँकलन गर्ने,

(ख) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र प्रदेश सरकारको नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको खर्चको आवश्यकता आँकलन गर्ने,

(ग) सम्भाव्य आर्थिक वृद्धि, राजस्व र अन्य स्रोत परिचालनको परिदृश्य, समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्वको स्थिति र बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको विश्लेषण गर्ने,

(घ) प्रदेशको समग्र आर्थिक अवस्था विश्लेषण गर्ने,

(ङ) स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सो समेतको आधारमा मध्यमकालीन समष्टिगत वित्त खाका तयार गर्ने,

(च) कुल खर्चको सीमाभित्र प्रदेश मन्त्रालयगत खर्चको सीमा बाँडफाँट गर्दा प्रदेश सरकारको प्रतिबद्धता, प्राथमिकता, नागरिकको जीवनस्तरमा सुधार तथा रोजगारीमा वृद्धि, गरिबीको न्यूनीकरणतर्फ बढी स्रोत सुनिश्चित गर्ने,

(छ) प्रदेश स्रोत अनुमान तथा खर्च सीमा निर्धारण सम्बन्धी प्रतिवेदन तयार गरी आर्थिक मामिला मन्त्रालयमा पठाउने।

# परिच्छेद - दुई
# आयोगले सम्पादन गरेका कार्यहरु

आर्थिक वर्ष २०८०/०८१ को अवधिमा आयोगबाट सम्पादित मुख्य मुख्य कार्यहरू र सोबाट हासिल गरेका उपलब्धिलाई समावेश गरी यस परिच्छेदमा उल्लेख गरिएको छ। आयोगको गठन आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकारका क्षेत्रभित्र रही उल्लिखित संस्थागत तथा कार्यगत व्यवस्थाका अनुरूप आयोगको बैठकबाट निर्णय गरी कार्य सम्पादन गर्दै आएको छ। आर्थिक वर्ष २०८०/०८१ को अवधिमा बसेको आयोगको बैठकले गरेका निर्णयहरू अनुसूची ५ मा समावेश गरिएका छन्। आर्थिक वर्ष २०८०/०८१ को अवधिमा आयोगबाट सम्पादित मूलभूत कार्यहरू निम्नअनुसार छन्।

## २.१ प्रथम पञ्चवर्षीय योजनाको समीक्षा

गण्डकी प्रदेशको प्रथम आवधिक योजनाको सोच, उद्देश्य एवम् लक्ष्य प्राप्त गर्नका लागि अवलम्बन गरिएका रणनीतिहरुको प्रभावकारिता र योजनामा समावेश गरिएका समष्टिगत आर्थिक तथा समृद्धि र सुखका सूचकहरुको प्रगति अवस्थाको मूल्याङ्कन गरी आगामी अवधिमा योजनाको प्रभावकारी कार्यान्वयन गर्न र दोस्रो पञ्चवर्षीय योजनाको आधार तयार गर्ने उद्देश्यले समीक्षा गरिएको छ।

योजनाको समीक्षा सम्बन्धमा गरिएका मुख्य कार्य निम्नानुसार रहेका छन्:

- सरोकारवालासँग छलफल गरी आवश्यक सुझाव तथा पृष्ठपोषण लिइएको।
- विषय क्षेत्रगत सबै मन्त्रालयहरुका सचिवहरु, सरोकारवालाहरु र विषयविज्ञ समेतको सहभागितामा छलफल गरी समीक्षा गरिएको ।

प्रदेश सरकारले लागु गरेका नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाका विषयमा अध्ययन अनुसन्धान तथा अन्वेषण गरी गराई प्रदेश सरकारलाई नीति निर्माणमा सहयोग पुऱ्याउने साथै नीति संवाद सञ्चालन र सहजीकरण, तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापन गर्ने गराउने कार्य आयोगले गर्दै आएको छ।

## २.२ दोस्रो पञ्चवर्षीय योजना तर्जुमा (२०८१/८२-२०८५/८६)

दोस्रो पञ्चवर्षीय योजना निर्माणको लागी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा निर्देशक समिति र सदस्यहरूको संयोजकत्वमा विषय क्षेत्रगत समिति गठन गरिएको थियो। नेपालको संविधान, दीर्घकालीन सोच २१००, दिगो विकासका लक्ष्य, राजनीतिक दलका घोषणापत्र, प्रथम पञ्चवर्षीय योजनाको समीक्षा र बदलिंदो विश्व परिवेशमा आधारित भई समग्र तथा विषय क्षेत्रगत विकास योजना तर्जुमा भएको छ। परिमाणात्मक लक्ष्य निर्धारण र सो प्राप्तिका लागि उपयुक्त रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रम प्रस्ताव गरिएको छ।

दोस्रो पञ्चवर्षीय योजना निर्माण प्रक्रिया सहभागितामूलक पद्धतिबाट गरिएको थियो। योजनामा प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रगत तथ्याङ्क, अवस्था, समस्या, चुनौती र अवसरहरु समेटिएका छन्। प्रदेश सरकारका विभिन्न पदाधिकारी तथा निकायका प्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, विकास साझेदार र युवा वर्ग लगायतसँग छलफल तथा अन्तरक्रिया गरि योजना तर्जुमा गरिएको छ। जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा र प्रदेश सभाका सांसद, जिल्ला समन्वय समितिका पदाधिकारी, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, नागरिक समाजका प्रतिनिधि, गैह्रसरकारी संस्था, प्राज्ञ, निजी क्षेत्र, जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, पत्रकार तथा अन्य सरोकारवालासँग अन्तरक्रिया गरिएको थियो।

छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझावका आधारमा योजनाको मस्यौदा दस्ताबेजलाई परिमार्जन गरि अन्तिम मस्यौदालाई प्रदेश विकास परिषद्को बैठकमा प्रस्तुत गरी सो बैठकबाट प्राप्त सुझावलाई सम्बोधन गर्दै अन्तिम मस्यौदालाई प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गरी प्रकाशन गरिएको छ।

योजनाले **"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"** को सोच तय गरेको छ। उक्त सोच हासिल गर्न उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने प्रादेशिक लक्ष्य निर्धारण गरिएको छ।

उक्त लक्ष्य प्राप्तिका लागि तीन वटा प्रादेशिक उद्देश्य सहित आठ वटा समष्टिगत रणनीति र चौध वटा प्रादेशिक विकास तथा रूपान्तरणका प्राथमिक क्षेत्रहरू पहिचान गरिएको छ।

गुणस्तरीय पूर्वाधार र उत्पादन, रोजगारी तथा आय वृद्धि गर्नु, मानव पुँजी निर्माण, विकासका लाभको समन्यायिक वितरण र सामाजिक न्याय स्थापित गर्नु र गुणस्तरीय सार्वजनिक सेवा प्रवाह र सुशासन अभिवृद्धि गर्नु योजनाका उद्देश्यहरू रहेका छन्।

प्रादेशिक विकासका लागि लिइएका समष्टिगत रणनीति देहायबमोजिम रहेका छनः

१. उत्पादन तथा उत्पादकत्व र दिगो आर्थिक वृद्धि गर्ने,
२. मानव पुँजी निर्माण तथा न्यायपूर्ण समाजको स्थापना गर्ने,
३. दिगो तथा उत्थानशील पूर्वाधार विकास तथा अन्तर-आबद्धता अभिवृद्धि गर्ने,
४. हरित, कार्बन तटस्थ तथा जलवायुमैत्री कार्य र स्वच्छता अभिवृद्धि गर्ने,
५. विकास प्रक्रिया तथा नतिजामा लैङ्गिक समानता तथा समावेशिता कायम गर्ने,
६. नवीन ज्ञान तथा प्रविधिको अभ्यास र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने,
७. स्रोत परिचालन, सुशासन, अन्तरसम्बन्ध र साझेदारीलाई सबलीकरण तथा सुदृढीकरण गर्ने,
८. प्रदेश नीति, योजना तथा विकास नतिजालाई अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित बनाउने।

योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिलाई मूर्तता प्रदान गर्न गण्डकी प्रदेशले आगामी पाँच वर्षका लागि तय गरेका प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्रहरुः

१. **सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण**

प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको सन्तुलित विकासमा जोड दिने, आर्थिक वृद्धि र रोजगारीका अवसरहरू सिर्जना गर्ने, स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्ने, कृषि, पर्यटन र उद्योगमा लगानीलाई प्रवर्द्धन गर्ने, अर्थतन्त्रलाई फराकिलो र उत्पादनमुखी बनाउने, स्थानीय आर्थिक विकासका तथा समुन्नति हासिल गर्न सार्वजनिक-निजी साझेदारीलाई प्रवर्द्धन गर्ने, आर्थिक गतिविधिमा स्वच्छता र प्रतिस्पर्धा कायम गर्दै आर्थिक अनुशासन र स्रोतको प्रभावकारी व्यवस्थापनलाई सुनिश्चित गर्ने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

२. **प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन**

गण्डकी प्रदेश सरकारले बचत तथा लगानीमा अभिवृद्धि गर्ने, राजस्व प्रशासनलाई सुदृढ तथा व्यवस्थित गरि राजस्वको दायरा फराकिलो पार्ने, लगानीयोग्य

वातावरण बनाउने, आन्तरिक ऋण परिचालन तथा व्यवस्थापनको लागी नीतिगत तथा कानुनी संयन्त्रको विकास गर्ने, सार्वजनिक खर्चलाई उच्च प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्ने प्रमुख रणनीति अंगिकार गरेको छ।

३. **व्यावसायिक कृषि तथा आत्मनिर्भरता**

व्यावसायिक कृषि प्रवर्द्धन गर्दै कृषिको विविधीकरण, बजारीकरण मार्फत उत्पादन, उत्पादकत्व वृद्धि गर्ने, पशु तथा मत्स्यपालन क्षेत्रमा व्यावसायिकता वृद्धिमा जोड दिएको छ। खाद्य सुरक्षा सुनिश्चित गर्ने, भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

४. **दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण**

दिगो वन व्यवस्थापन तथा जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिँदै मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण गर्ने, नदी प्रणालीमा आधारित एकिकृत जलाधार व्यवस्थापन गर्ने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

५. **बजारमुखी उत्पादन र दिगो पर्यटन**

बजारमुखी उत्पादनलाई प्रवर्द्धन गर्दै दिगो पर्यटनको विकासमा विशेष जोड दिँदै स्थानीय सांस्कृतिक धरोहर र प्राकृतिक सौन्दर्यलाई उपयोग मार्फत पर्यटन क्षेत्रलाई विस्तार गर्ने, उत्पादकत्व वृद्धि मार्फत उत्पादनमा आत्मनिर्भरता अभिवृद्धि गर्ने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

६. **सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ**

स्वास्थ्य सेवाको पहुँचलाई सुधार गर्दै सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने, स्वास्थ्य जनचेतना कार्यक्रमहरूको माध्यमबाट जनतालाई स्वास्थ्यसम्बन्धी जानकारी प्रदान गर्ने, पोषणमैत्री जीवनशैली मार्फत जनस्वास्थ्य प्रवर्द्धन गर्ने, जनसाङ्ख्यिक लाभको उच्चतम उपयोग गर्नेजस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

७. **शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण**

गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्दै शिक्षित र सिपयुक्त मानव पुँजी निर्माण गर्ने, व्यावसायिक तालिम कार्यक्रमहरूको माध्यमबाट युवाहरूलाई रोजगारका अवसरहरूमा प्रतिस्पर्धी बनाउने, खेलकुद क्षेत्रलाई व्यावसायिक तथा जिविकोपार्जनको क्षेत्रका रूपमा विकास गर्ने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

८. **दिगो तथा उत्थानशील पूर्वाधार**

पूर्वाधार विकासमा दिगोपनलाई प्राथमिकता दिने, सडक, पुल, र अन्य पूर्वाधार संरचनाहरूको विकास गरेर दुर्गम क्षेत्रहरूको पहुँच सुधार गर्ने, यातायात सेवामा गुणस्तरीयता अभिवृद्धि गर्ने, सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्ने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

९. **स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी व्यवस्थापन**

स्वच्छ ऊर्जा स्रोतहरूको विकास गर्दै जलस्रोत र खानेपानी व्यवस्थापनमा विशेष जोड दिने, नवीकरणीय ऊर्जा परियोजना मार्फत दिगो ऊर्जा उत्पादन सुनिश्चित गर्ने, खानेपानी तथा सरसफाइ सेवा तथा सुविधाको विस्तार र गुणस्तरियता अभिवृद्धि गर्ने, सिँचाइ पूर्वाधारका बहुउद्देश्यीय योजना पहिचान विकास तथा कार्यान्वयन गर्ने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

१०. **मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण**

श्रमको मर्यादा कायम गर्दै उत्पादनशील रोजगारी सिर्जना गर्ने, सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत प्रभावकारी तथा दिगो बनाउने, श्रमको सम्मान गर्दै श्रमिकहरूको जीवनस्तर सुधार्ने, जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

११. **सक्षम महिला, सामाजिक समावेशीकरण तथा समानता**

लैङ्गिक समानता र महिला सशक्तीकरणमा जोड दिने, निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सबै प्रकारका शोषण विभेद र हिंसा अन्त्य गर्ने, सामाजिक समावेशीकरणको सुनिश्चितता गर्ने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

१२. **सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता**

जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरण कार्यक्रममा जोड दिने, शून्य फोहोर मैला निष्कासनको अवधारणा प्रवर्धन गर्ने, पूर्वाधार विकासलाई दिगो तथा उत्थानशील बनाउने, विपद् जोखिम न्यूनीकरणका लागी विपद् पूर्व तयारी र विपद् प्रतिकार्यमा क्षमता अभिवृद्धि गर्ने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

१३. **सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध**

शासन प्रणालीलाई पारदर्शी र उत्तरदायी बनाउँदै सेवाप्रवाह सुधार गर्ने, सार्वजनिक प्रशासनमा सदाचार र सुशासन कायम गर्ने, अन्तर तह समन्वय र सहकार्यमा जोड दिने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

१४. **सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन**

नीतिका कार्यान्वयनमा स्पष्टता र पारदर्शिता कायम गर्दै योजनाहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने, एकीकृत तथ्याङ्क प्रणाली सुदृढ गर्ने, अनुगमन तथा मूल्याङ्कन कार्यलाई नियमित तथा प्रभावकारी बनाउने जस्ता प्रमुख रणनीतिहरू अंगिकार गरेको छ।

प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अनुरूप योजनाले तय गरेका रणनीतिलाई मूर्तता प्रदान गर्न प्रमुख हस्तक्षेपकारी कार्यक्रम प्रस्ताव गरेको छ। त्यस्तै योजनाले प्रदेश सरकारको लगानीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना, प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना, प्रदेश तथा स्थानीय तह साझेदारी कार्यक्रम, प्रदेश - सङ्घ साझेदारी कार्यक्रम, वैदेशिक सहयोगमा सञ्चालन हुने कार्यक्रम, सार्वजनिक-निजी साझेदारी कार्यक्रम, निजी क्षेत्रको लगानीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना पहिचान गरेको छ।

## २.३ आयोगबाट गरिएका अध्ययन अनुसन्धान प्रतिवेदनको सारांस

**(क) विद्यालय सिकाई अन्तर/हानि र हस्तक्षेपका क्षेत्रहरू पहिचान सम्बन्धी प्रतिवेदन, २०८१**

शिक्षण दृष्टिकोण र विद्यार्थीहरूको मनोविज्ञान बीचको अन्तरको मूल्याङ्कन गर्न, विद्यार्थीहरूको सिकाइ स्थिति अन्वेषण गर्न, विद्यार्थीहरूको सिकाइ कठिनाइ पहिचान गर्न तथा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीतिगत कार्यहरू सिफारिस गर्न आयोगबाट विद्यालय सिकाई अन्तर/हानि र हस्तक्षेपका क्षेत्रहरू पहिचान सम्बन्धी अध्ययन गराएकोमा सो अध्ययन अनुसार देहाबमोजिमको अवस्था रहेको:

- भाषा साक्षरतामा विद्यार्थीहरूको औसत दक्षता ७५.८४ प्रतिशत छ, जसले नेपाली भाषामा विद्यार्थीहरूको दक्षताको समान धारणालाई जनाउँछ। यद्यपि, छात्राहरूको भाषा साक्षरता छात्रहरूको तुलनामा औसतमा कम छ, जसले छात्राहरू बीचको सिकाइ अन्तर रहेको देखिन्छ।
- अक्षर र स्वर (मात्रा) पहिचान जस्ता महत्त्वपूर्ण आधारभूत भाषा सिकाउने सीपहरूमा कार्यसम्पादन अपेक्षाकृत कम छ, अक्षर र मात्र पहिचानमा क्रमशः ४९.९९ प्रतिशत र ४८.६८ प्रतिशत मात्र छ।
- गणित बिषयमा औसत प्रदर्शन ६०.०५ प्रतिशत छ। आधारभूत संख्यात्मक साक्षरता सीपहरू, जस्तै आकार पहिचान ७६ प्रतिशत छ, जबकी आधारभूत संख्यात्मक गणना कौशल ६०.४ प्रतिशत छ। संख्यात्मक साक्षरतामा सिकाइ

अन्तर भाषा साक्षरताको तुलनामा उल्लेखनीय रूपमा उच्च छ, जसले उच्च शिक्षामा प्राविधिक विषयहरूमा विद्यार्थीहरूको पहुँचलाई असर गर्न सक्छ।

- लगभग सबै विद्यार्थीहरू (९९.२ प्रतिशत) विद्यालय जान इच्छुक छन्, र ९५.२ प्रतिशत छात्रछात्राहरूले उनीहरूका साथीहरूले उनीहरूलाई राम्रो व्यवहार गरेको रिपोर्ट गर्छन्। यसले विद्यार्थीहरूले विद्यालयमा रमाइलो गरिरहेका छन् र त्यहाँ बालमैत्री वातावरण रहेको जनाउँछ, जुन सिकाइ अन्तरलाई कम गर्न प्रोत्साहनजनक मनोवैज्ञानिक कारक हो।
- सबै शिक्षकहरूले आफ्नो ज्ञान र सीपको आधारमा कक्षा कोठाको शिक्षण र सिकाइ गतिविधिहरूमा सकारात्मक प्रेरणा प्रविधिहरू लागू गरेको पाइयो।
- कक्षा कोठामा शिक्षकहरूको औसत शिक्षण र सिकाइ व्यवस्थापन सीपहरू सन्तोषजनक छैनन्। यसले शिक्षकहरूमा बाल मनोविज्ञानलाई अध्यापनका अभ्यासहरूसँग जोड्ने क्षमता नभएको संकेत गर्छ।

**(ख) गण्डकी प्रदेशको फोहोरमैला व्यवस्थापन सम्बन्धी अध्ययन, २०८१**

प्रदेशका चार वटा विभिन्न नगरपालिका पोखरा महानगरपालिका, कुश्मा नगरपालिका, गैंडाकोट नगरपालिका र चामे गाउँपालिकालाई नमुना अध्ययन स्थलका रूपमा लिइएको थियो। ८० वटा घर धुरीहरूमा फोहोरको मात्रा र संरचना मूल्याङ्कन गर्न ७ दिनको फोहोर नमुना संकलन गरिएको थियो।

गण्डकी प्रदेशमा ठोस फोहोर व्यवस्थापन एक प्रमुख समस्याका रूपमा देखा परेको छ। अनुचित फोहोर व्यवस्थापनले वातावरण प्रदूषण मात्र नगरी जनस्वास्थ्यमा पनि जोखिम पैदा गर्दछ। यस सन्दर्भमा, गण्डकी प्रदेशमा हालको अभ्यास र ठोस फोहोरको वर्गीकरण अवस्थाको पहिचान गरिएको छ।

अध्ययनले आवासीय फोहोरको विशेषता, व्यवस्थापन अभ्यास र गण्डकी प्रदेशमा उत्कृष्ट व्यवस्थापन विकल्पहरूको थप सम्भाव्यताको खोजी गरेको जसमा घरबाटै फोहरमैला वर्गिकरण गरी फोहरमैलाको पुनः प्रयोग गर्ने, कम्पोस्ट मललाई जैविक ऊर्जाको रूपमा प्रयोग गर्ने लगायतका उपायहरू अवलम्बन गरी डम्पिङ साइटमा कम भन्दा कम फोहर व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना गर्ने गरी संयन्त्र निर्माण गर्नुपर्ने देखिन्छ ।

**(ग) गण्डकी प्रदेशमा जलस्रोतको वर्तमान अवस्था र भावी रणनीति सम्बन्धी अध्ययन, २०८१**

गण्डकी प्रदेशको जलस्रोत रणनीतिले जलस्रोतका क्षेत्रबाट अधिकतम र दिगो लाभ प्राप्त गर्ने लक्ष्य राखेको छ। यसलाई मध्यमकालीन र दीर्घकालीन योजनाहरूको माध्यमबाट हासिल गर्ने उद्देश्य छ। यसका लागि, अध्ययन, तथ्याङ्क विश्लेषण, र संवैधानिक संरचनासँग मेल खाने राष्ट्रिय जलस्रोत योजना अनुसार प्रमुख रणनीतिहरू प्रस्ताव गरिएको छ।

गण्डकी प्रदेशको जलस्रोत रणनीतिको लक्ष्य जलस्रोतका क्षेत्रहरूबाट अधिकतम र दिगो लाभ प्राप्त गर्नु हो। यसलाई मध्यकालीन र दीर्घकालीन योजनाहरूको माध्यमबाट हासिल गर्ने उद्देश्य छ। अध्ययन, तथ्याङ्क विश्लेषण, र संवैधानिक संरचनासँग मेलखाने राष्ट्रिय जलस्रोत योजनाको आधारमा यस प्रयासलाई मार्गदर्शन गर्न छ वटा प्रमुख रणनीतिहरू प्रस्तावित गरिएको छ।

प्रस्तावित रणनीतिहरूमा जलस्रोतको संरक्षण र विकास, जल पुनः प्रयोग प्रवर्द्धन, जल व्यवस्थापनको समन्वय, जलस्रोतको दिगो उपयोग, जलवायु परिवर्तनको प्रभावमा अनुकूलन, र समुदायको संलग्नता समावेश छन्। प्रतिवेदनको संस्थागत ढाँचाले विभिन्न निकायको भूमिका उल्लेख गरिएको छ। यसका साथै जलस्रोत व्यवस्थापन, सार्वजनिक जागरूकता, अनुसन्धान र विकास, अनुगमन र मूल्याङ्कनलाई समेटिएको छ। गण्डकी प्रदेशको जलस्रोत रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जलस्रोतको दिगो र प्रभावकारी उपयोग मार्फत सम्बद्ध गतिविधि समेत उल्लेख गरिएको छ।

**(घ) योजना कार्यान्वयनमा देखिएका समस्या पहिचान, सुझाव तथा सिफारिस प्रतिवेदन, २०८०**

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय सुधार तथा समन्वय महाशाखा हेर्ने सचिव, आर्थिक मामिला मन्त्रालयका सचिव, सम्बन्धित मन्त्रालयका सचिवहरू, र प्रदेश नीति तथा योजना आयोगका सचिव सदस्य-सचिव रहने गरी प्रतिवेदन तयारी कार्यदल गठन भएको र सो कार्यदललाई देहायबमोजिम कार्यादेश दिइएको थियो:-

- बहुवर्षीय आयोजनाको समग्र दायित्व यकिन गर्ने,
- समस्याग्रस्त आयोजनाहरू पहिचान गर्ने,

- रुग्ण र जीर्ण आयोजनामध्ये सम्पन्न हुन सक्ने आयोजनालाई सम्पन्न गर्न सहजीकरण गर्ने र सम्पन्न गर्न नसकिने आयोजनालाई चरणअन्त गर्न सिफारिस गर्ने,
- प्रदेशले प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने बहुवर्षीय र प्रदेशका रणनीतिक योजना यकिन गर्न सिफारिस गर्ने,
- बजेट विनियोजन भएका तर आयोजना यकिन हुन नसकेका तथा दोहोरो परेका आयोजना पहिचान गरी आवश्यक सहजीकरण गरी दोहोरोपना हटाउन सिफारिस गर्ने,
- नेपाल सरकारबाट न्यून रकम विनियोजन भई आएका आयोजना व्यवस्थापनका सम्बन्धमा आवश्यक परामर्श उपलब्ध गराउने,
- विनियोजित रकमभन्दा बढीको ठेक्का लगाउने कार्यलाई व्यवस्थित गर्ने सम्बन्धमा उपयुक्त विधि सिफारिस गर्ने,
- विवादमा रहेका आयोजनाहरू पहिचान गरी विवाद निरुपणका उपाय सिफारिस गर्ने,
- आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा अन्य आवश्यक सिफारिस गर्ने।

**उक्त प्रतिवेदनको सारांश निम्नअनुसार रहेकोः**

गण्डकी प्रदेश अन्तर्गतका विभिन्न निकायहरूबाट कार्यान्वयन भइरहेका बहुवर्षीय योजनाहरूको समग्र अवस्था र दायित्वको विश्लेषण गर्दा पूर्वाधार विकाससँग सम्बन्धित भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत ३०९ वटा, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत १०५ वटा र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायहरूमा कार्यान्वयनमा रहेका बहुवर्षीय योजनाहरू ३ वटा गरी जम्मा ४१७ वटा बहुवर्षीय योजनाहरू रहेका छन् । अन्य निकायहरूमा बहुवर्षीय योजना तथा कार्यक्रमहरू सञ्चालनमा रहेको देखिएन।

प्रदेश सरकारका विभिन्न निकाय अन्तर्गत कार्यान्वयनमा रहेका जम्मा ४१७ वटा बहुवर्षीय योजनाहरूमा आगामी आर्थिक वर्षहरूका लागि कुल जम्मा रु. १५ अर्ब ८५ करोड ७८ लाख ९२ हजार बराबरको आर्थिक दायित्व सिर्जना भएको देखिन्छ ।

समस्याग्रस्त योजनाहरू तर्फ सङ्घीय सरकारबाट हस्तान्तरण भई आएका र गण्डकी प्रदेश सरकारबाट स्वीकृत भएका दुवै प्रकृतिका केही योजनाहरू समस्याग्रस्त छ । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयतर्फ १३ वटा, ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गतका सिँचाइ क्षेत्रतर्फ ४ वटा र  खानेपानी क्षेत्रतर्फ ४ वटा गरी जम्मा ८ वटा, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्यतर्फ १ वटा र सामाजिक विकासतर्फ १ वटा गरी जम्मा २ वटा योजना र कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गत १ वटा योजना गरी कुल जम्मा २४ वटा योजनाहरू समस्याग्रस्त देखिएका छन् ।

रुग्ण वा जीर्ण योजनाहरू तर्फ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत १ वटा योजना र ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयतर्फ ३ योजनाहरू रुग्ण र जीर्ण भएका छन् । यी योजनाको चरण अन्त गर्नुपर्ने अवस्था रहेको छ ।

प्रादेशिक गौरव तथा रूपान्तरणकारी योजनाहरू तर्फ गण्डकी प्रदेश सरकारले विभिन्न मितिमा निर्णय गरी प्रादेशिक गौरवका योजनाका रूपमा कार्यान्वयनमा रहेका १३ वटा, नेपाल सरकारसँग स्रोत माग गरिएका रूपान्तरणकारी योजनाहरू ५ वटा, नेपाल सरकारले कार्यान्वयन गर्ने २ वटा, निजी क्षेत्रले निर्माण गर्ने ३ वटा गरी कुल २३ वटा योजनाहरू रहेका छन्। यी योजनाहरूको प्रगति सन्तोषजनक छैन जसलाई पुनरावलोकन र पुनःप्राथमिकीकरण गरी प्रदेश सरकारको स्रोत र क्षमता समेतका आधारमा योजना सम्पन्न गर्नका लागि कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने देखिन्छ।

प्रतिवेदनमा सिफारिस गरिएका रुपान्तरणकारी र प्रदेश प्राथमिकीकरणमा राखी कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमहरूमा लागि स्रोतको उपलब्धता, कार्यान्वयन क्षमता समेतका आधारमा आवधिक योजना र वार्षिक कार्यक्रममा समावेश गरी गण्डकी प्रदेशको विकास र वैभवताको सपनालाई साकार गर्नु उपयुक्त हुने देखिन्छ ।

कार्यान्वयनमा रहेका ससर्त, समपुरक वा नियमित स्रोतद्वारा व्यवस्थित कतिपय आयोजनाहरूका लागि संघीय सरकारबाट तथा प्रदेश सरकारबाट समेत मन्त्रालयगत वार्षिक विकास कार्यक्रममा बजेट विनियोजन नभएको, कतिपय बहुवर्षीय योजनाहरूमा सम्झौता भएको र भुक्तानी गर्नुपर्ने दायित्व भन्दा अत्यन्त कम वा शुन्यप्रायः बजेट विनियोजन हुने गरेको जस्ता कारणहरूले गर्दा विनियोजित बजेट र ठेक्का सम्झौताबीच प्रभावकारी तालमेल हुन सकेको छैन।

आयोजना कार्यान्वयन गर्ने निकायहरूबाट प्राप्त सूचना, तथ्याङ्क र स्थलगत निरीक्षण समेतका आधारमा समस्याग्रस्त, रुग्ण र संवेदनदनशील प्रकृतिका ठेक्काको हालको अवस्थालाई हेर्दा आयोजना तयारी तथा पूर्वतयारी चरणका कामहरू पूरा नगरी ठेक्का खरिदको प्रक्रिया सुरु गर्ने, निर्माण कार्य सुरु नहुँदै म्याद समाप्त हुने, स्वीकृत लागत अनुमान अनुसार आवश्यक बजेट विनियोजन नगर्ने, निर्माण व्यवसायी सम्पर्कमा नआउने, जग्गा विवाद, वन क्षेत्रमा आयोजना व्यवस्थापनमा भएका कठिनाइ लगायतका समस्याहरूका कारण ठेक्का सम्झौताहरूको कार्यान्वयन पक्ष कमजोर देखिएको छ।

निर्माण व्यवसायीहरूसँग भएको सम्झौता बमोजिम विभिन्न आयोजनाहरूको महामारी, आर्थिक मन्दी, युद्ध, अस्वस्थ प्रतिस्पर्धा, मिलेमतो वा असावधानी लगायतका विविध कारणले म्याद समाप्त भएको; सन्तोषजनक काम नभएको, बजेट तथा रकम अभावका कारण म्याद थप हुन नसकेको जस्ता स्थिति सिर्जना भई अन्ततः केही पूर्वाधार विकासका आयोजनाहरू समस्याग्रस्त, रुग्ण र जीर्ण अवस्थामा रहेको पाइयो। यसले राज्यको पेश्की भुक्तानी र कार्य सम्पादन जमानत वापतको रकम जोखिममा रहेको छ। यसले सार्वजनिक पूर्वाधार निर्माणको मूल्यमा अल्पकालीन र दीर्घकालीन रूपमा हुने वृद्धि हुने, विकास प्रक्रियामा निरन्तरता अवरुद्ध भएर अवरोध सिर्जना भइरहने, सरकार प्रति जनअविश्वास जस्ता विकृति बढ्ने र सरकारको प्रमुख उद्देश्यका रुपमा रहेको पूर्वाधार विकास, रोजगारी सिर्जना, सामाजिक र आर्थिक विकासका कार्यमा नकारात्मक प्रभाव पार्ने हुँदा यसलाई शिघ्रातिशिघ्र समाधान गर्नुपर्दछ।

विगत आर्थिक वर्षहरूमा सुरु भएका तर अपर्याप्त बजेटका कारण कार्य सम्पन्न हुन नसकेका वा पछाडि धकेलिएका योजनाहरूलाई नीतिगत रूपमा नै बजेट तथा कार्यक्रममा समावेश गरी अविलम्ब कार्यान्वयन गर्नुपर्ने र भुक्तानीलाई फरफारक गर्नुपर्दछ। कार्य सम्पन्न भई भुक्तानी बाँकी रहेका योजनाहरूका हकमा समेत विनियोजन ऐन र बजेट कार्यक्रममार्फत सम्बोधन गर्नुपर्ने देखिन्छ ।

बहुवर्षीय योजनाहरूलाई थप व्यवस्थित गर्न आगामी दिनमा आर्थिक मामिला मन्त्रालयमा रहेको Provincial Line Ministry Budgetary Information System (PLMBIS) मा मन्त्रालयगत बहुवर्षीय योजनाको सूची स्पष्ट हुने गरी छुट्टा-छुट्टै पोर्टल तयार गरी लागू गर्नुपर्दछ। यसमा बहुवर्षीय योजनाहरू, प्रादेशिक गौरवका र रूपान्तरणकारी योजनाहरूको लागि आवश्यक बजेट छुट्टाए

पश्चात् मात्र बाँकी रहेको रकमबाट विषयगत मन्त्रालयमा सिलिङ प्रदान गर्न आवश्यक कानुनी र संरचनागत सुधार गर्नुपर्दछ।

प्रदेशबाट बहुवर्षीय रूपमा सञ्चालन हुने आयोजनाहरूको न्यूनतम लागत अनुमान सहितको मापदण्ड निर्धारण हुनुपर्दछ । यसका लागि न्यूनतम सीमा रु. ५ करोड राख्न उपयुक्त हुने र सोभन्दा साना आयोजना वा कार्यक्रमका लागि स्रोत सुनिश्चितता नहुने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

सार्वजनिक खरिद र ठेक्का व्यवस्थापनमा पर्याप्त कानुनी व्यवस्था हुँदाहुँदै पनि सोको कमजोर कार्यान्वयनका कारण गण्डकी प्रदेश सरकारको दीर्घकालीन सोच पूरा हुन सक्ने देखिंदैन। तसर्थ, सार्वजनिक खरिद तथा ठेक्का व्यवस्थापन प्रक्रिया, कार्यविधि आदीको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन प्रदेश सरकारले यथाशीघ्र सम्बन्धित पदाधिकारी र निर्माण व्यवसायीलाई जिम्मेवार बनाउन आवश्यक छ।

(ङ) **Web Based Information Management and Visualization:**

- प्रदेशको आफ्नै एकीकृत विद्युतीय तथ्याङ्क प्रणाली विकासका लागि तथ्याङ्क भण्डारण र प्रदेश सम्बद्ध विवरणहरू भण्डारणको लागी विकास गरिएको।
- भण्डारण गरिएका तथ्याङ्कलाई भविष्यमा विश्लेषण गर्न सकिने गरी प्रणाली विकास गरिएको।
- यस प्रणालीमा Time Series Data तथा Spatial and Non-Spatial तथ्याङ्क समेत भण्डारण गर्न सकिने।
- सफ्टवेयर सम्बन्धी तालिम मन्त्रालयका योजना महाशाखा/शाखा प्रमुखको उपस्थितिमा सम्पन्न गरिएको।

## २.४ आयोगका नियमित कार्यहरु

### (क) मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) तर्जुमाः

आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्न विनियोजन कुशलता, कार्यान्वयन दक्षता, वित्तीय अनुशासन र सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ। दोस्रो पञ्चवर्षीय योजनाका प्रादेशिक विकास तथा

रूपान्तरणका प्रमुख क्षेत्र तथा प्रदेशको अर्थतन्त्रको विद्यमान अवस्थाको आधारमा मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८१/८२-२०८३/८४) तर्जुमा भएको छ।

मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८१/८२-२०८३/८४) तर्जुमाको क्रममा सम्पन्न भएका मुख्य कार्य निम्नअनुसार रहेका छन्ः

- मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन।
- वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि मन्त्रालयमा समन्वय।
- विषयगत मन्त्रालयसँग सम्बन्धित प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अनुरूप मध्यमकालीन खर्च संरचनाको विविध विषयमा छलफल, बैठक तथा समन्वय।
- प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अनुरूप मन्त्रालयबाट प्राप्त सूचना तथ्याङ्कलाई एकिकृत गरी सोको विश्लेषण मार्फत मध्यमकालीन खर्च संरचना तर्जुमा गरी आर्थिक मामिला मन्त्रालय मार्फत २०८१ असार १ गते प्रदेश सभामा पेस गरिएको।

**(ख) आर्थिक वर्ष २०८१/०८२ को लागि प्रदेश सरकारको स्रोत अनुमान, मन्त्रालय/निकायगत बजेट सीमा निर्धारण तथा मार्गदर्शन सम्बन्धमाः**

- प्रदेश स्रोत अनुमान समितिको बैठकका लागि आवश्यक विवरण तयारी, समष्टिगत आर्थिक अवस्था तथा यस सम्बन्धी सवालको विश्लेषण गरिएको,
- गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले लिएको सोच, लक्ष्य, उद्देश्य, प्रादेशिक समष्टिगत रणनीति एवम् प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्रहरूका आधारमा समष्टिगत आर्थिक प्रक्षेपण र सार्वजनिक वित्तको आगामी तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपणका आधारमा बजेट सीमा निर्धारण गरिएको,
- प्रदेशको समग्र आर्थिक अवस्था, आगामी तीन आर्थिक वर्षको आर्थिक वृद्धि, लगानी लगायतका समष्टिगत आर्थिक परिसूचक सहित तीन वर्षको प्रदेश स्रोत अनुमान तथा खर्चको प्रक्षेपण र मन्त्रालयगत बजेट सीमा तथा स्रोत सुनिश्चितता लगायतका विवरण रहेको प्रदेश स्रोत अनुमान समितिको प्रतिवेदन तयारी गरिएको,
- मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८१/८२-२०८३/८४) सहितको आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको तयारी गरिएको,

- विषय क्षेत्रगत मन्त्रालयसँग बजेट र वार्षिक विकास कार्यक्रमको नीतिगत छलफल गरिएको,
- प्रदेश सभा सदस्य तथा सरोकारवाला बीच प्रदेश सरकारको तर्फबाट जारी गरिने वार्षिक नीति तथा कार्यक्रमको मस्यौदा उपर छलफल गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको,
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ बमोजिम आर्थिक वर्ष २०८१/८२ को मन्त्रालयगत वार्षिक कार्यक्रम तथा बजेट उपर नीतिगत तथा कार्यक्रमगत छलफल सम्पन्न गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, ऐन २०७८ बमोजिम बजेट छलफल प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको।

**(ग) अनुगमन तथा मूल्याङ्कनः**

- प्रदेश गौरव तथा प्राथमिकताका कार्यक्रम तथा विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने र आयोजना कार्यान्वयनमा रहेका जोखिम न्यूनीकरण गर्न तथा कार्यान्वयनको चरणमा देखा परेका समस्याहरु समाधान गर्न सहजीकरण कार्यहरु गर्दै आइरहेको छ।

**(घ) आयोजना बैकको स्थापना तथा सो सम्बन्धी अभिमुखीकरणः**

- विषयगत मन्त्रालयका योजना महाशाखा/शाखा प्रमुखको उपस्थितिमा आयोजना बैकको स्थापना तथा सो सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न गरिएको।

**(ङ) तहगत समन्वय एवम् सहकार्यः**

राष्ट्रिय योजना आयोगसँगको सहकार्य एवम् समन्वयमा सोह्रौं योजना तर्जुमाको सन्दर्भमा प्रदेश सरकारका विभिन्न पदाधिकारी तथा निकायका प्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, युवा वर्ग, जिल्ला समन्वय समितिका पदाधिकारी, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, नागरिक समाजका प्रतिनिधि, गैह्रसरकारी संस्था, प्राज्ञ, निजी क्षेत्र, जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, पत्रकार तथा अन्य सरोकारवालासँग अन्तरक्रिया गरिएको।

- प्रदेश तथा स्थानीय तह अनुगमन मूल्याङ्कन दिग्दर्शन, २०७७ बमोजिम विषयगत कार्यालय तथा स्थानीय तह बीच समन्वय गरिएको ।
- अन्तर प्रदेश अनुभव आदानप्रदान स्वरूप लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, मधेश प्रदेश र कोशी प्रदेश मा प्रदेश नीति तथा योजना आयोगसँग समन्वय अनुभव आदान प्रदान गरिएको।
- आर्थिक वर्ष २०८१/०८२ मा बजेट मार्फत समपूरक र विशेष अनुदानबाट स्थानीय तहमार्फत सञ्चालन हुने आयोजनाहरूको छनौट गरी विनियोजनका लागि आर्थिक मामिला मन्त्रालयमा सिफारिस गरिएको छ।
- पोखरालाई पर्यटकीय राजधानी घोषणाको लागी अध्ययन प्रतिवेदन तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा सिफारिस गरिएको ।
- कार्यक्रमहरूको वार्षिक प्रगति समीक्षा एवम् चालू आर्थिक वर्षका कार्यक्रमहरूको अर्ध वार्षिक प्रगति समीक्षा गरिएको।
- आर्थिक वर्ष २०८१/८२ को नीति, कार्यक्रम र बजेट केन्द्रित विकास बहस गरिएको।
- दिगो विकास लक्ष्यसम्बन्धी अन्तरक्रिया सम्पन्न गरिएको।
- बहुक्षेत्रीय पोषण योजना दोस्रोको कार्यान्वयन सम्बन्धमा स्थानीय तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।

**(च) आयोगबाट सम्पादित अन्य कार्यहरूः**

- आयोग र विषय क्षेत्रगत मन्त्रालय एवम् प्रदेश सरकारका कर्मचारीका लागि योजना, दिगो विकास लक्ष्यको आन्तरिकीकरण, मध्यमकालीन खर्च संरचना र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास संचालन गरिएको।
- प्रदेशका विषयगत मन्त्रालय तथा निकायमा कार्यरत कर्मचारीलाई योजना, बजेट तथा मध्यमकालीन खर्च संरचना जस्ता विषयमा सहयोग तथा सहजीकरण गरेको।
- आयोग र विषय क्षेत्रगत मन्त्रालय एवम् प्रदेश सरकारका कर्मचारीका लागि योजना, दिगो विकास लक्ष्यको आन्तरिकीकरण, मध्यमकालीन खर्च संरचना र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास संचालन गरिएको।

- प्रदेशका विषयगत मन्त्रालय तथा निकायमा कार्यरत कर्मचारीलाई योजना, बजेट तथा मध्यमकालीन खर्च संरचना जस्ता विषयमा सहयोग तथा सहजीकरण गरेको।
- विकास साझेदारसँगको सहकार्यमा जलवायु उत्थानशीलता विकास योजना र नतिजामा आधारित व्यवस्थापन सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको ।

दिगो तथा सन्तुलित विकासका लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय गर्दै दीर्घकालीन सोचसहितको नीति तथा योजना तर्जुमा गर्ने, अध्ययन तथा अनुसन्धान मार्फत् विकासका कार्यक्रमहरुको पहिचान तथा प्राथमिकीकरण गरी स्रोत व्यवस्थापन गर्न सघाउने, वार्षिक विकास कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, त्यस्तै गरी आयोगले नागरिक समाज, गैर-सरकारी संस्था, सहकारी, विश्वविद्यालय, निजी क्षेत्र तथा विकास साझेदारहरुसँग प्रदेश सरकारका नीति तथा योजनाका बारेमा छलफल गर्ने, योजना निर्माण तथा र कार्यान्वयनमा सहयोग एवम् साझेदारीका लागि आह्वान गर्ने तथा समस्या समाधानका लागि प्रदेश सरकारलाई पृष्ठपोषण गर्ने तथा सहजीकरणको कार्य गर्दै आइरहेको छ। साथै आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको संक्षिप्त वित्तीय प्रगति अनुसूची ६ मा समावेश गरिएको छ ।

# परिच्छेद - तीन

# विकास व्यवस्थापनका वर्तमान अवस्था, समस्या र चुनौती

## ३.१ विद्यमान अवस्था

योजनाबद्ध विकासका लागि व्यवस्थित योजना तर्जुमा र कार्यान्वयन गर्न हालसम्मको अवधिमा १५ वटा आवधिक योजना कार्यान्वयन भइसकेका छन् । दीर्घकालीन लक्ष्य सहित तर्जुमा भएको सोह्रौ योजना हाल कार्यान्वयनको चरणमा छ । गण्डकी प्रदेशमा दीर्घकालीन लक्ष्य सहितको प्रथम पञ्चवर्षीय योजना कार्यान्वयन पश्चात् दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनको चरणमा रहेको छ।

विकास व्यवस्थापनका लागी नीतिगत, कानुनी र संस्थागत प्रयास भएका छन्। विकास योजनाका लक्ष्य, उद्देश्य र रणनीतिलाई वार्षिक बजेटमार्फत कार्यान्वयन सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने गरिएको छ । प्रदेश सरकारले मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तर्जुमा एवं कार्यान्वयनलाई व्यवस्थित गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ जारी गरी कार्यान्वयन गरिएको छ।

सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्यलाई योजना तथा वार्षिक बजेटमार्फत आन्तरिकीकरण र स्थानीयकरण गर्ने प्रयास गरिएको छ। तर्जुमा गरिएका नीति, कार्यक्रम तथा आवधिक योजनाको नियमित अनुगमन, मूल्याङ्कन, अध्ययन र विश्लेषण गर्ने कार्य गण्डकी प्रदेश नीति तथा योजना आयोगले निरन्तर गरिरहेको छ। विकास प्रयासका फलस्वरूप गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घट्दै गएको, सूचना प्रविधिको विकास एवं विस्तार भएको, सडक, सिँचाई जस्ता पूर्वाधार विकास एवं विस्तार भएको, आर्थिक सामाजिक परिसूचकमा उल्लेख्य सुधार भएको, साधन र स्रोतको बाँडफाँट तुलनात्मक रुपमा न्यायोचित हुँदै गएको र सेवा प्रवाहमा नागरिकको पहुँच बढ्दै गएको देखिन्छ। प्रदेशको अर्थतन्त्रको आकार, सामाजिक-आर्थिक अवस्था, पूर्वाधारको अवस्थामा अपेक्षित सुधार ल्याउन आगामी दिनमा थप क्रियाशिल हुनुपर्ने देखिन्छ।

## ३.२ प्रदेशको विकासमा देखिएका देहायका मूलभूत समस्या र चुनौतीः

(१) न्यून आर्थिक वृद्धि तथा साँघुरो वित्तीय आधार,

(२) न्यून आन्तरिक तथा वैदेशिक लगानी,

(३) उच्च आयात, न्यून निर्यात क्षमता तथा उच्च व्यापार घाटा,

(४) निर्वाहमुखी अर्थतन्त्र - न्यून उत्पादकत्व, उच्च उत्पादन लागत तथा न्यून प्रतिस्पर्धी क्षमता,

(५) औद्योगिक क्षेत्रको सङ्कुचन तथा आन्तरिक उत्पादनमा ह्रास,

(६) रोजगारीको अवसरमा सङ्कुचन, वैदेशिक रोजगारीमा वृद्धि वा बौद्धिक पलायन,

(७) दिगो, गुणस्तरीय तथा उत्थानशील पूर्वाधारमा कमी,

(८) सहरी पूर्वाधार, सेवा तथा सुविधाको माग र आपूर्ति बीच खाडलमा वृद्धि,

(९) वैज्ञानिक, जीवनउपयोगी, व्यावहारिक तथा गुणस्तरीय शिक्षाको कमी,

(१०) कमजोर स्वास्थ्य प्रणाली, स्वास्थ्य कर्मी र सेवाप्रवाह,

(११) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, अभ्यास र नतिजाबीचको खाडलमा वृद्धि,

(१२) कमजोर विनियोजन कुशलता, कार्यदक्षता तथा वित्तीय अनुशासन,

(१३) सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमताबीचको गहिरो खाडल,

(१४) कमजोर बजार प्रतिस्पर्धा, सिण्डिकेट प्रणाली र बिचौलियाको बढ्दो उपस्थिति,

(१५) लैङ्गिक तथा सामाजिक हिंसाको स्वरूपमा परिवर्तन,

(१६) आर्थिक-सामाजिक तथा सांस्कृतिक विभेद र परम्परागत सोचमा निरन्तरता,

(१७) पर्यटन तथा औद्योगिक पूर्वाधार र प्रवर्द्धनको कमी,

(१८) नीतिगत अस्थिरता र सुशासनमा ह्रास, कार्यान्वयनमा कमजोरी, समन्वय तथा व्यवस्थापकीय क्षमताको कमी,

(१९) जलवायु परिवर्तनको असर तथा वातावरणजन्य बहुप्रकोपमा वृद्धि,

(२०) शासन, विकास र सेवा प्रवाहमा प्रभावकारिता नागरिकको स्वामित्व र अपनत्वमा कमी ।

(२१) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई आयोजना कार्यान्वयनमा देखिएका कमजोरीहरूलाई सुधार्ने पद्धतिको अभावमा आयोजनाहरू समयमा नै सम्पन्न नहुने तथा तोकिएको लागत भन्दा बढी लाग्ने समस्याहरू विद्यमान छन्।

## ३.३ विकास व्यवस्थापनका लागि गरिएका प्रयास

(१) प्रदेश र स्थानीय तहको विकासको अवस्था र प्राथमिकता बमोजिम दीर्घकालीन सोच सहित योजना तर्जुमा तथा कार्यक्रम पहिचान, छनोट र कार्यान्वयनमा वृद्धि हुँदै गएको छ।

(२) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गरिएको छ जसले गर्दा स्रोत साधनको सुनिश्चितता हुदै गएको छ।

(३) राष्ट्रिय विकास लक्ष्य तथा दीर्घकालीन सोचसँग सामञ्जस्यता हुने गरी दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनमा आइसकेको हुँदा क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको आधार तयार भएको छ।

(४) चालु आर्थिक वर्षको यथार्थ विनियोजन तथा बाँकी दुई वर्षको खर्च प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार भएको हुँदा आगामी बजेट विनियोजन र स्रोतको सुनिश्चितता गर्नुपर्ने क्षेत्रमा आधार तयार भएको छ।

(५) प्रदेश नीति तथा योजना आयोगबाट प्रदेशका मन्त्रालयसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने क्रम निरन्तर रहेकोले अन्तर मन्त्रालय तथा अन्तर प्रदेश समन्वय कायम गर्नमा योगदान पुगेको।

(६) विभिन्न विषयगत मन्त्रालय तथा निकायका क्षेत्रगत नीतिहरूमा आयोगका तर्फबाट छलफलमा सहभागी भई राय सुझाव उपलब्ध गराएकोले कार्यान्वयन योग्य नीति तर्जुमामा सहयोग पुगेको छ।

(७) विभिन्न मन्त्रालयमा निश्चित आधार र मापदण्डका आधारमा बहुवर्षीय आयोजनाको ठेक्का र नयाँ आयोजनाहरूका सम्बन्धमा सहमति प्रदान गरेबाट आयोजनाहरूको गुणस्तरमा अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

(८) दोस्रो पञ्चवर्षीय योजनामा प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र पहिचान गरी क्षेत्रगत प्रमुख हस्तक्षेपकारी कार्यक्रम तय गरिएको हुँदा आवधिक योजना अनुरूप वार्षिक विकास कार्यक्रम तर्जुमाको लागि सहजता हुने देखिन्छ।

## ३.४ गण्डकी प्रदेश नीति तथा योजना आयोगले सामना गरेका समस्या तथा चुनौतीहरु

(१) आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्था नहुँदा नीतिगत अस्थिरता कायम भई गठन आदेश पटक पटक संशोधन भइरहनु,

(२) विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने परिप्रेक्ष्यमा आयोगको क्षेत्राधिकार भित्रको जिम्मेवारी प्रभावकारी सम्पादन गर्न आयोगको समयानुकूल र उपयुक्त सांगठनिक एवम् व्यवस्थापकीय पुनःसंरचना गरी आयोगलाई स्थायी, दक्ष र विशिष्टीकृत संस्था बनाउनु,

(३) विकाससँग सम्बन्धी नीति तथा योजना तर्जुमा गर्दा खण्डिकृत तथा एकीकृत तथ्याङ्क प्राप्तिमा कठिनाइ हुनु

(४) कार्यक्षेत्र बमोजिमको श्रोत, साधन (भौतिक, वित्तीय र मानव संशाधन) को कमी हुँदा विषयगत मन्त्रालयबाट कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरूको अनुगमन गर्न कठिनाइ हुनु ,

(५) आयोजना बैकको निर्माण गरी कार्यान्वयनमा ल्याउन नसक्दा कार्यान्वयन योग्य योजनामा रकम विनियोजन नहुनु,

(६) स्थानीय आवधिक योजना/विकास योजनालाई राष्ट्रिय तथा प्रादेशिक विकास लक्ष्यहरूसँग पूर्णतः सामञ्जस्यता कायम गर्नु।

## ३.५ गण्डकी प्रदेश नीति तथा योजना आयोगको आगामी कार्यदिशा

प्रदेश नीति तथा योजना आयोगले आफ्नो कार्य सञ्चालनका सन्दर्भमा आगामी दिनमा देहायबमोजिम क्रियाशिल हुनुपर्ने देखिन्छः

(१) दोस्रो पञ्चवर्षीय योजनाले तय गरेका प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र अनुरूप वार्षिक विकास कार्यक्रम तर्जुमा गरी सोको कार्यान्वयन गर्ने,

(२) आयोजना बैक निर्माण गरी कार्यान्वयनयोग्य आयोजनामा मात्र रकम विनियोजन गर्ने प्रणालीको विकास गर्ने,

(३) प्रादेशिक तथ्याङ्क प्रणालीलाई क्रमशः अद्यावधिक गरी विकास नीति तथा योजना तर्जुमाको लागि आवश्यक खण्डिकृत तथा एकीकृत तथ्याङ्क प्राप्त गर्ने पद्धतिको विकास गर्ने,

(४) मध्यमकालीन खर्च संरचनामा स्वचालित प्रणाली विकास गरी आवधिक योजना र बजेटबीचको तादात्म्यता कायम गर्ने,

(५) सरोकारवाला निकाय, स्थानीय तह र नागरिक समाजको सहभागितामा विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई तीव्रता दिने,

(६) बहुवर्षीय र ठूला प्रकृतिका आयोजनाहरूको निश्चित अवधि पश्चात् आन्तरिक मूल्याङ्कन एवम् प्रभाव मूल्याङ्कनका माध्यमबाट पृष्ठपोषण लिने संस्कृतिको विकास गर्ने,

(७) विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,

(८) प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुनेगरी छनौट भई विशेष तथा समपूरक अनुदान अन्तर्गत विनियोजन भएका आयोजना/कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि पर्याप्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली विकास गर्ने,

(९) प्रादेशिक नीति तथा विकास व्यवस्थापनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्नको लागि आयोगलाई बिशिष्टिकृत संस्थाको रूपमा विकास गर्ने।

## ३.६ योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरु

(१) भौतिक पूर्वाधारको क्षेत्र साथसाथै आर्थिक-सामाजिक रूपान्तरण गर्ने सामाजिक विकासका वृहत् आयोजनाको लागि पर्याप्त स्रोत साधनको व्यवस्था गर्ने,

(२) आवधिक योजना अनुरूप प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमको छनौट गर्ने प्रणाली विकास गर्ने,

(३) कार्यान्वयनयोग्य योजना तथा कार्यक्रममा मात्र बजेट विनियोजन गर्ने,

(४) बजेट विनियोजन गर्दा तीन तहबीचको आयोजना वर्गीकरणको मापदण्डलाई पूर्णरुपमा कार्यान्वयन गर्ने,

(५) आयोजना छनौट र बजेट विनियोजन गर्दा क्षेत्रगत सन्तुलन मिलाउने,

(६) बहुवर्षीय स्रोत सुनिश्चितता सम्बन्धी मापदण्डलाई समयानुकुल परिमार्जन गरी प्रदेश सरकारको दायित्व यकिन गरेर मात्र नयाँ योजनामा बजेट विनियोजन गर्ने,

(७) पूर्व तयारी सम्पन्न भई आयोजना बैकमा समावेश भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने,

(८) बजेट विनियोजन गर्दा विनियोजन कुशलता, कार्यान्वयन कार्यदक्षता र वित्तीय अनुशासनमा जोड दिने,

(९) ठेक्का व्यवस्थापनमा सुधार गर्ने तथा निर्माण व्यवसायीको नियमनलाई प्रभावकारी बनाउने,

(१०) प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था गर्ने तथा प्राविधिक जनशक्तिलाई स्रोत साधनको कमी हुन नदिने,

(११) नीति तथा कार्यक्रमहरूको नियमित मूल्याङ्कन गर्ने, प्रभाव मूल्याङ्कन गरेर मात्र उक्त कार्यक्रमलाई निरन्तरता दिने, आन्तरिक मूल्याङ्कन र तेस्रो पक्ष मूल्याङ्कनमार्फत आयोजना/कार्यक्रमको औचित्यता जाँच गर्ने प्रणाली विकास गर्ने,

(१२) आयोजनामा गरिने प्राविधिक परीक्षणलाई थप सुदृढ बनाउने,

(१३) प्रदेश विकास समस्या समाधान समितिका निर्णयहरू कार्यान्वयनमा प्राथमिकता दिने।

# अनुसूचीहरू

## अनुसूची - १
## आयोगको संगठन संरचना



# अनुसूची - २

# आयोगका पदाधिकारी र कर्मचारी विवरण

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | डा. कृष्णचन्द्र देवकोटा | उपाध्यक्ष | ९८४१२३७७५३ |
| २ | श्री माया तिम्सिना | सदस्य | ९८४९०८५४९१ |
| ३ | श्री दिपक भण्डारी | सदस्य | ९८५७०४०२८७ |
| ४ | श्री बद्रिनाथ अधिकारी | प्रदेश सचिव | ९८५६००६५५५ |
| ५ | श्री ढाका प्रसाद शर्मा | उपसचिव | ९८५६०७४४१७ |
| ६ | श्री सन्तोष ढुङ्गाना | शाखा अधिकृत | ९८५१२४६१८२ |
| ७ | श्री सागर खनाल | वरिष्ठ प्रशासकीय अधिकृत | ९८४३७०१९१४ |
| ८ | श्री विजया भट्टराई | तथ्याङ्क अधिकृत | ९८४९५०५६९६ |
| ९ | श्री सन्तोष देवकोटा | अधिकृत छैठौं | ९८५६०५२४१० |
| १० | श्री प्रकाश गौतम | अधिकृत छैठौं | ९८४६११६५४४ |
| ११ | श्री मिना पौडेल | नायब सुब्बा | ९८४६४६४९०० |
| १२ | श्री सम्झना बराल | नायब सुब्बा | ९८५६०७२५३६ |
| १३ | श्री रेशम बहादुर श्रेष्ठ | हलुका सवारी चालक | ९८४६०३९५०९ |
| १४ | श्री मनोज कुमार श्रेष्ठ | हलुका सवारी चालक | ९८४६०२८४५० |
| १५ | श्री बासु पराजुली | हलुका सवारी चालक | ९८४६९०१२११ |
| १६ | श्री पदम सिंह खाण | हलुका सवारी चालक | ९८०८९७८२९४ |
| १७ | श्री शोभा देवी विष्ट | कार्यालय सहयोगी | ९८४७२९५७४० |
| १८ | श्री रामचन्द्र पौडेल | कार्यालय सहयोगी | ९८०६६१९९४३ |
| १९ | श्री कृष्ण गिरी | कार्यालय सहयोगी | ९८४६६७८९०३ |
| २० | श्री मेकराज गुरुङ | कार्यालय सहयोगी | ९७४१८९९३९९ |

# अनुसूची - ३

## प्रदेश विकास समस्या समाधान समितिको स्वरुप

प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ अनुसार

| | |
|---|---|
| (क) मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) प्रदेश सरकारका मन्त्री | -सदस्य |
| (ग) उपाध्यक्ष प्रदेश नीति तथा योजना आयोग | -सदस्य |
| (घ) प्रदेश नीति तथा योजना आयोगका सदस्यहरु | -सदस्य |
| (ङ) प्रमुख सचिव प्रदेश सरकार | -सदस्य |
| (च) जिल्ला समन्वय महासंघ, गण्डकी प्रदेशका अध्यक्ष | -सदस्य |
| (छ) नेपाल नगरपालिका संघ, गण्डकी प्रदेशका अध्यक्ष | -सदस्य |
| (ज) गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष | -सदस्य |
| (झ) आर्थिक मामिला मन्त्रालयका सचिव | -सदस्य |
| (ञ) प्रदेश सरकारले तोकेका प्रदेश भित्रका स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षहरु मध्ये नौ जना | -सदस्य |
| (ट) नीति तथा योजना आयोगका सचिव | -सदस्य सचिव |

# अनुसूची - ४

## प्रदेश विकास समस्या समाधान समितिको बैंठकका निर्णयहरु

प्रदेश विकास समस्या सामाधान समितिको निर्णय २०८० श्रावण २२ गते

| क्र.सं. | समस्या | निर्णयको व्यहोरा | जिम्मेवार मन्त्रालय तथा निकाय | सहयोगी मन्त्रालय तथा निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ५ | प्रदेश र स्थानीय तहका आयोजनाहरु दोहोरिने र खप्टिने गरेको। | स्थानीय तहलाई प्रदेशको आयोजनाको जानकारी र अनुगमनमा समन्वय गर्ने । | सम्बन्धित मन्त्रालय, गण्डकी प्रदेश नीति तथा योजना आयोग | स्थानीय तह | |
| ६ | साना योजनाहरूलाई समेत बहुवर्षीय योजनाको रूपमा समाहित गर्ने प्रवृत्ति बढ्दो क्रममा रहेको। | महत्वपूर्ण र रणनीतिक महत्वका आयोजना मात्र बहुवर्षीय आयोजनाको रुपमा प्रस्ताव गर्ने नीतिगत व्यवस्था गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश नीति तथा योजना आयोग | सम्वन्धित मन्त्रालय | |
| ७ | सङ्घीय सरकारको सशर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालित आयोजनाहरुमा प्राप्त अनुदानको ठूलो हिस्सा हरेक वर्ष फिर्ता जाने गरेको । | सङ्घीय सरकारको सशर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालित आयोजनाहरुमा प्राप्त अनुदानको ठूलो हिस्सा हरेक वर्ष फिर्ता जाँदा प्रदेश सरकारको स्रोतमा चाप परेकोले त्यस्ता आयोजनाहरुलाई पहिलो प्राथमिकतामा राखी सम्वन्धित मन्त्रालयले कार्यान्वयन गर्ने तथा अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउने। | आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश नीति तथा योजना आयोग. | सम्बन्धित मन्त्रालय | |
| ८ | आन्तरिक आयस्रोतको रूपमा रहने दहत्तर बहत्तर तथा विज्ञापन कर वापतको राजस्व प्रभावकारी रूपमा संकलन हुन नसकेको। | स्थानीय तह र प्रदेश सरकारमा बाँडफाँट हुने दहत्तर बहत्तर तथा विज्ञापन करलाई प्रभावकारी बनाउन बढी राजस्व संकलन गरी प्रदेश सरकारलाई बाँडफाँट गर्ने स्थानीय तहलाई थप सशर्त अनुदान उपलब्ध गराउन नीतिगत व्यवस्था गरी थप प्रभावकारी बनाउने। | आर्थिक मामिला मन्त्रालय | | |
| ९ | प्रदेश सरकारका मन्त्रालयहरुले विनियोजन गर्ने बजेटमा दोहोरोपना र क्षेत्राधिकार बाहिर पनि बजेट विनियोजन हुने गरेको । | दोहोरो विनियोजन र क्षेत्राधिकार बाहिर विनियोजन नगर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने। | गण्डकी प्रदेश नीति तथा योजना आयोग | सम्वन्धित मन्त्रालय | |
| १० | नदीजन्य निर्माण सामग्रीहरू उत्खनन गर्दा मानवीय र वातावरणीय पक्षमा पर्न सक्ने क्षतिमा पर्याप्त ध्यान पुग्न नसकेको । | •स्थानीय तहहरूबाट नदीजन्य निर्माण सामाग्री संकलन सम्वन्धमा कानून बमोजिम यथासमयमा कार्यान्वयन गर्न स्थानीय तहसँग समन्वय गर्ने ।<br>•स्थानीय तहले अनियन्त्रित रुपमा नदी र खोलाहरुमा नदीजन्य पदार्थको उत्खनन गर्नाले खोला गहिरिन गई तटबन्ध सम्बन्धी संरचनाहरु जोखिममा पर्ने हुनाले त्यस्ता नदीजन्य पदार्थको उत्खनन हुन सक्ने सम्भाव्य स्थानमा तटबन्धका कार्यक्रमहरु संचालन नगर्ने गरी व्यवस्था मिलाउनु पर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय/ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय, स्थानीय तह | |
| ११ | प्राथमिकताका क्षेत्रसँग बजेटको तादात्म्यता नभएको । | प्राथमिकताका क्षेत्रमा बजेट सुनिश्चितता गर्ने । | गण्डकी प्रदेश नीति तथा योजना आयोग | आर्थिक मामिला मन्त्रालय, सम्बन्धित मन्त्रालय | |

| क.सं. | समस्या | निर्णयको व्यहोरा | जिम्मेवार मन्त्रालय तथा निकाय | सहयोगी मन्त्रालय तथा निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| १२ | प्रदेशको एकीकृत तथ्याङ्क प्रणाली नहुँदा सूचना तथा तथ्याङ्क अद्यावधिक हुन नसकेको र सहज पहुँच नहुँदा नीति तथा योजना तर्जुमा कार्यान्वयन र अनुगमन मूल्याङ्कन तथ्यमा आधारित हुन नसकेको । | प्रदेशको एकीकृत तथ्याङ्क प्रणाली विकास गरी लागू गर्ने । | गण्डकी प्रदेश नीति तथा योजना आयोग | सम्बन्धित मन्त्रालयहरु | |
| १३ | जिल्लास्थित प्रदेश सरकारी कार्यालयहरूको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या भएको। | आ.व.२०८०/८१ को संघीय बजेटले कतिपय कार्यालय खारेजी तथा गाभ्ने निर्णय गरेकोमा खाली हुने सरकारी भवन प्रदेशमा हस्तान्तरण गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित मन्त्रालयहरु | |

२०८० श्रावण २२ गतेको प्रदेश विकास समस्या सामाधान समितिको निर्णयबाट राष्ट्रिय समस्या समाधान समितिमा पठाउने निर्णयहरु:

प्रदेश विकास समस्या समाधान समितिको [illegible] बैठकबाट राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाउने समस्याका सम्बन्धमा भएका निर्णयहरू

| क.सं. | समस्या | निर्णयको व्यहोरा | जिम्मेवार मन्त्रालय /निकाय | सहयोगी मन्त्रालय /निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय निजामती सेवा ऐन तर्जुमा नहुँदा प्रदेश निजामती सेवा ऐन कार्यान्वयनमा कठिनाइ भएको। (जस्तै: कर्मचारीको स्तर वृद्धि, कल्याणकारी कोष, वृत्ति विकास, निवृत्तिभरण लगायतका सेवा सुविधामा अनिश्चितता आदि) | अविलम्ब संघीय निजामती सेवा ऐन तर्जुमाको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| २ | प्रदेशमा नेपाल प्रहरी समायोजन हुन नसकेकोले शान्ती सुरक्षा कायम राख्न विपद् व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन गर्न र समन्वय गर्न समस्या भएको | नेपाल प्रहरीको प्रदेशमा समायोजन हुन नसकेकोले शान्ति सुरक्षा कायम राख्न,विपद् व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन गर्न र सुरक्षा निकायहरुसँग समन्वय गर्न समस्या भएकोले तत्काल प्रहरी समायोजन हुनुपर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| ३ | प्रदेशस्तरका आयोजना कार्यान्वयनमा संघीय कानूनहरु (जग्गा प्राप्ति ऐन, वन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन) मा भएको व्यवस्थाले आयोजना समयमै सम्पन्न गर्न नसकिएको। | सम्बन्धित विषय (जग्गा प्राप्ती ऐन, वन ऐन, वन्यजन्तु संरक्षण ऐन) मा आवश्यक सरलिकरण गर्नको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| ४ | प्रदेशलाई आवश्यक भएको कर्मचारी प्राप्त नहुने र आवश्यक नभएको कर्मचारी आइदिदा कर्मचारी व्यवस्थापनमा कठिनाई भएको। | संघ सरकारले प्रदेशसँग समन्वय नगरी, सहमति नलिई कर्मचारी सरुवा गरी पटाइदिने गरेको कारणले प्रदेशलाई आवश्यक भएको कर्मचारी प्राप्त नहुने र | | | |

| क्र.सं. | समस्या | निर्णयको व्यहोरा | जिम्मेवार मन्त्रालय /निकाय | सहयोगी मन्त्रालय /निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | आवश्यक नभएको कर्मचारी आइदिंदा कर्मचारी व्यवस्थापनमा कठिनाई भएकोले संघबाट कर्मचारी पठाउँदा प्रदेशको सहमतिका आधारमा पठाउने व्यवस्था हुनु पर्दछ। यसका लागि प्रदेशको कानून बमोजिम जनशक्ति प्रयाप्त नहुँदासम्म संघबाट खटाइने प्रदेश सचिव र आ-आफ्नो प्रदेश भित्र पर्ने स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत एकमुष्ट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई सोही कार्यालय मार्फत पदस्थापना गर्ने व्यवस्था मिलाइनु पर्ने। | | | |
| ५ | रोयल्टी र राजस्व बाँडफाँटको विद्यमान कानूनी व्यवस्था/अभ्यास मूलतः नेपाल सरकारको अनुकूल भएकोले प्रदेशले प्राप्त गर्ने समानीकरण/रोयल्टी लगायतको अनुदान र राजस्व न्यून हुँदा प्रदेश सरकारलाई स्रोत व्यवस्थापन गर्न कठिनाइ भएको। | प्रदेशलाई प्राप्त हुने अनुदान तथा राजश्वको अंश बढाउनको लागि राजस्व तथा अनुदान बाँडफाँटका आधारहरू पुनरावलोकन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| ६ | प्रदेशलाई विभिन्न स्रोतबाट उपलब्ध हुनुपर्ने राजस्व/रोयल्टी (स्थानीय तह, अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र, चितवन राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष) प्राप्त नभएको। | कानूनी स्पष्टताका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग

| क्र.सं. | समस्या | निर्णयको व्यहोरा | जिम्मेवार मन्त्रालय /निकाय | सहयोगी मन्त्रालय /निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ७ | प्रदेश सरकारका कार्यालय रहेको भवन र भवन परिसरका जग्गाको स्वामित्व प्रदेश सरकारलाई नहुँदा थप संरचना निर्माण गर्न र आर्थिक/ प्रशासनिक काम व्यवस्थित गराउन समस्या देखिएको। | प्रदेश सरकारका कार्यालय रहेको भवन र भवन परिसरका जग्गाको स्वामित्व प्रदेश सरकारलाई नहुँदा थप सरचना निर्माण गर्न र आर्थिक/ प्रशासनिक काम व्यवस्थित गराउन समस्या देखिएकोले हाल प्रदेश सरकारले उपभोग गरिरहेका भवन र भवनको परिसरको जग्गा प्रदेश सरकारको स्वामित्वमा आउनु पर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| ८ | सशर्त अनुदानलाई घटाई वित्तीय समानीकरण अनुदानको अंश बढाउनु पर्ने र सशर्त अनुदान अन्तर्गतका योजनालाई बहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्न स्रोत सुनिश्चित नभएको । | समानीकरण अनुदानको अंश बढाउन र सशर्त अनुदान अन्तर्गतका योजनालाई बहुवर्षीय योजनाको रुपमा कार्यान्वयनको लागि स्रोत सुनिश्चित गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| ९ | प्रदेशमा रहेका/स्थापना हुने ठूला उद्योग व्यवसाय दर्ता/ नवीकरणका लागि प्रदेशस्तरमा सम्बन्धित निकाय नहुँदा कठिनाइ भोगनुपरेको। | प्रदेशस्तरमा सम्बन्धित निकाय (कम्पनी रजिस्टारको कार्यालय) स्थापना गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| १० | संघीय विनियोजन ऐनको कारण प्रदेश सरकारले संघीय सरकारका एकाइलाई सिधै बजेट अख्तियारी प्रदान गरी कामकाज गराउन कठिनाइ भएको (जस्तै नेपाल प्रहरीलाई भवन निर्माणको लागि बजेट अख्तियारी प्रदान गर्न)। | आवश्यक सहजिकरणका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग

| क.सं. | समस्या | निर्णयको व्यहोरा | जिम्मेवार मन्त्रालय /निकाय | सहयोगी मन्त्रालय /निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ११ | कृषि आयमा कर प्रदेशको एकल अधिकारमा रहेको भएतापनि कृषि व्यवसायबाट प्राप्त आयकर प्रदेश सरकारलाई प्राप्त नभएको। | नेपालको संविधानको अनुसूची ६ मा कृषि आयमा कर प्रदेशको एकल अधिकारमा रहेको भएतापनि कृषि व्यवसायबाट प्राप्त आयकर प्रदेश सरकारलाई प्राप्त नभएको हुँदा कृषि आयमा करको सम्बन्धमा थप स्पष्टताका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| १२ | प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरण भई कार्यान्वयनमा रहेका आयोजनाहरुमा संघीय सरकारबाट पुनः बजेट विनियोजन भई बजेटमा दोहोरोपना कायम भएको। | प्रदेश सरकारको क्षेत्राधिकार भित्र रहेका संघीय सरकारबाट हस्तान्तरित आयोजनाहरुमा प्रदेश सरकार र स्थानीय तहले नै कार्यान्वयन गर्ने गरी संघीय सशर्त अनुदान हस्तान्तरणको लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| १३ | संघीय सशर्त आयोजनाहरुको आन्तरिक कार्यक्रम संशोधन सम्बन्धी अधिकार प्रदेशमा नहुँदा कार्यसम्पादनमा ढिलासुस्ती हुने गरेको। | संघीय सशर्त आयोजनाहरुको बजेट क्षेत्रगत रुपमा एकमुष्ट विनियोजन गरी बाँडफाँट र आन्तरिक कार्यक्रम संशोधन सम्बन्धी अधिकार प्रदेश सरकारलाई नै दिने व्यवस्था मिलाइन नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| १४ | प्रदेश सरकारलाई हस्तान्तरित आयोजनाहरुमा विनियोजित बजेट न्यून हुने गरेकोले समयभित्र आयोजना सम्पन्न हुन नसकेको। | प्रदेश सरकारलाई हस्तान्तरित आयोजनाहरुमा न्यून बजेट विनियोजन भएको कारण सम्झौता अवधि सम्पन्न भइसक्दा समेत भुक्तानी नभई वा ठेक्का सम्झौताका अन्य प्रावधानका कारण सिर्जित | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग

| क.सं. | समस्या | निर्णयको व्यहोरा | जिम्मेवार मन्त्रालय /निकाय | सहयोगी मन्त्रालय /निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | दायित्वहरुलाई सम्पन्न गर्न प्राथमिकताका साथ बजेट विनियोजन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | | | |
| १५ | ट्राफिक जरिवानाको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुन नसकेको। | ट्राफिक जरिवाना बापतको रकम संघीय सञ्चित कोषमा जम्मा हुँदा प्रदेश सरकारको क्षेत्राधिकारको राजस्व समेत गुम्न गएकोले प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्थाको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| १६ | नेपाल सरकारले स-साना आयोजना समेत छुट्टाछुट्टै सशर्त अनुदान उपलब्ध गराउदा केही समस्या आएको। | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम नेपाल सरकारले सशर्त अनुदान उपलब्ध गराउदा आयोजना भित्रका खर्च शीर्षक वा उपशीर्षक नै नतोकी त्यस किसिमको स्वायत्तता सम्बन्धित प्रदेशलाई नै हुने गरी क्षेत्रगत आयोजना वा कार्यक्रम र लक्ष्य अपेक्षित उपलब्धि जस्ता विषयहरु मात्र तोकेर एकमुष्ट अनुदान हस्तान्तरण गर्नुपर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| १७ | पोखरा जल उपयोग सिंचाइ आयोजनाको २०४७ सालमा अधिग्रहण भएको जग्गाको मुआव्जा सम्बन्धी समस्या हालसम्म पनि समाधान हुन नसकेको। | पोखरा जलउपयोग सिँचाई आयोजनामा अधिग्रहण गरिएको १३५ रोपनी जग्गाको मुआव्जा उपलब्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा

| क.सं. | समस्या | निर्णयको व्यहोरा | जिम्मेवार मन्त्रालय /निकाय | सहयोगी मन्त्रालय /निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १८ | सिंचाइ सम्बन्धी सम्पूर्ण काम र संरचना प्रदेशमा हस्तान्तरण भएको तर सोको लागि पर्याप्त बजेट प्रदेशमा नहुनु र प्राप्त हुने वैदेशिक सहायता समेत रोकिंदा समस्या भएको। | वैदेशिक सहायता जुटाउन सहजीकरणका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| १९ | नवलपुरको त्रिवेणी र मुस्ताङको कोराला नाकामा पूर्वाधारको उचित व्यवस्थापन नभएको। | उल्लेखित नाकाहरुमा पूर्वाधार निर्माणमा आवश्यक सहयोग तथा सहजीकरणको लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| २० | यातायात कार्यालयमा लाइसेन्सको सफ्टवेयरका विवरण संशोधन समेतका कार्यहरू विधुतीय माध्यमबाट गर्न प्रदेशको आफ्नै प्रणाली विकास गर्न नसकिएको । | प्रदेश आफैले लाइसेन्सको सफ्टवेयरका विवरण संशोधन, लाइसेन्सको फर्म भर्ने , प्रिन्ट गर्ने समेतका कार्यहरूको लागि अनलाइन प्रणालीको विकास गर्न आवश्यक सहयोग तथा सहजीकरणका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| २१ | नेपाल पर्यटन बोर्ड र प्रदेशमा पर्यटनसम्बन्धी कार्य गर्ने मन्त्रालयबीच समन्वय एवम् सहकार्यको अभाव रहेको। | सम्बन्धित विषयमा आवश्यक समन्वय एवं सहजिकरणका लागि लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| २२ | प्रदेश औद्योगिक क्षेत्र तथा उद्योगग्रामको निर्माणका लागि आवश्यक जग्गा प्राप्त हुन नसक्दा पूर्वाधार निर्माणको कार्य शुरु गर्न नसकिएको। | जग्गा प्राप्तीलाई सरलीकरण गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| २३ | संघ र प्रदेशबीचको कार्यक्षेत्रमा स्पष्टता नहुँदा कार्यसम्पादनमा दोहोरोपना कायमै रहेको। | साझा अधिकारको विषयमा थप स्पष्टताको लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| २४ | पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने तथा पोखरालाई पर्यटकीय राजधानी र गण्डकी प्रदेशलाई Tourism Hub बनाउने विषय। | पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने तथा पोखरालाई पर्यटकीय राजधानी र गण्डकी प्रदेशलाई Tourism Hub बनाउने विषय प्राथमिकताका साथ सहजीकरणका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| २५ | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(ACAP) तथा मनास्लु संरक्षण क्षेत्र आयोजना(MCAP) सम्बन्धमा । | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(ACAP) तथा मनास्लु संरक्षण क्षेत्र आयोजना(MCAP) प्रदेशले सञ्चालन गर्ने व्यवस्थाको लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| २६ | कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी तथा वालुवा झिक्न नपाइएको सन्दर्भमा तटीय स्थानीय तहमा निर्माण सामग्रीको अभाव रहेको तथा मुस्ताङ जिल्लामा कालीगण्डकी नदीमा नदीजन्य सामग्रीको कारण नदीको सतह माथि आई वस्ती तथा जमीन जोखिममा परेको | नीतिगत व्यवस्था हुन नेपाल सरकारलाई अनुरोध गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा

# प्रदेश विकास समस्या सामाधान समितिका निर्णय २०८० मंसिर २७ गते

| | | | | |
|---|---|---|---|---|
| मिति २०८०।०८।२७ गते बुधवारका दिन गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री एवं प्रदेश विकास समस्या समाधान समिति (PDPAC) का अध्यक्ष माननीय सुरेन्द्रराज पाण्डेज्युको अध्यक्षतामा बसेको प्रदेश विकास समस्या समाधान समितिको आठौं बैठकका निर्णयहरु: | | | | |
| क.सं. | समस्या | निर्णय | प्रमुख जिम्मेवार मन्त्रालय/निकाय | सहयोगी मन्त्रालय/निकाय |
| १ | प्रदेश र स्थानीय तहको आन्तरिक आय अभिवृद्धिको लागि प्राकृतिक स्रोत परिचालन गर्न एकिकृत कानूनको आवश्यकता रहेको । | प्रदेश र स्थानीय तहको आन्तरिक आय अभिवृद्धिको लागि प्राकृतिक स्रोत परिचालन गर्न एकिकृत कानून निर्माण गर्ने । | मुख्यमन्त्री तता मन्त्रिपरिषद्को कार्यालय | आर्थिक मामिला मन्त्रालय |
| २ | नयाँ तथा क्रमागत योजनाहरुका संख्या, कार्यबोझ र अनुगमनको विद्यमान स्थिति बमोजिम संगठन संरचना र कर्मचारी दरबन्दी मिलान नभएको। | संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M) मार्फत विद्यमान संगठन संरचना पुनरावलोकन गरी कार्यबोझ र संगठनको श्रोतबीच तादत्म्यता कायम गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै मन्त्रालय |
| ३ | संघीय संसदमा विचाराधीन विद्युत विधेयक पारित भएपछि निकट भविष्यमा ३ देखि २५ मे.वा. सम्मको जलविद्युत आयोजनाको इजाजत, निर्माण तथा संचालनको अधिकार प्रदेश सरकार अन्तर्गत आउन सक्ने भएकोले विद्युत सम्बन्धी कार्यक्रम संचालन/कार्यान्वयन गर्न प्रदेश अन्तर्गत छुट्टै संरचना नरहेकोले विद्युत हेर्ने छुट्टै कार्यालय स्थापना गर्नुपर्ने। | संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M) मार्फत विद्यमान संगठन संरचना पुनरावलोकन गरी उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत विद्युत हेर्ने महाशाखा/शाखा कायम गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय |
| ४ | प्रदेशको पञ्चवर्षिय योजनाले निर्धारण गरेको प्राथमिकता प्राप्त क्षेत्र सँग बजेटको तादात्म्यता नमिलेकोले योजनाको लक्ष्य हासिल गर्न नसकिएको। | आगामी वार्षिक बजेट तथा कार्यक्रमहरु तय गर्दा पञ्चवर्षीय योजनासँग तादात्म्यता हुने गरी आवश्यक व्यवस्था गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/सबै मन्त्रालय | आर्थिक मामिला मन्त्रालय |
| ५ | श्रोत सुनिश्चित भै संचालन गरिएका आयोजनामा समयमा नै भुक्तानी हुन सक्ने गरि बजेट व्यवस्था हुनु पर्ने। | श्रोत सुनिश्चितताको आधारमा मात्र आयोजना कार्यान्वयनमा लैजानुपर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आर्थिक मामिला मन्त्रालय | सबै मन्त्रालय |
| ६ | ढुङ्गा, गिट्टी, वालुवा जन्य दहत्तर वहत्तर ईत्यादीको बिक्री वितरणमा मुल्य अभिवृद्धि कर (VAT) का अतिरिक्त प्रदेश सरकारले लगाएको बिक्री मूल्यमा १० % शुल्क थप बुझाउनुपर्ने हुँदा त्यस्ता वस्तुको लागत बढ्न जाने हुनाले ठेका नलाग्ने समस्या रहेको। | प्रदेश सरकारले लगाउने अतिरिक्त शुल्क पुनरावलोकन सम्बन्धमा गण्डकी प्रदेश आर्थिक ऐन, २०८० संशोधनका लागि पहल गर्ने (आर्थिक ऐन अनुसूची ७ (४))। | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय/ आर्थिक मामिला मन्त्रालय | आर्थिक मामिला मन्त्रालय |
| ७ | स्थानीय स्तरमा प्रदेश सरकारले स्थापना गर्ने उद्योग ग्राममा सम्बन्धित स्थानीय तहले रु. ३ करोड भन्दा वढी लगानी गर्न नमिल्ने व्यवस्था रहेको। | रु. ३ करोडभन्दा वढी लगानी समेत सम्बन्धित स्थानीय तहले गर्न सक्ने व्यवस्था गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय/उद्योग, पर्यटन, वन तथा वातावरण | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

गण्डकी प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश पोखरा, नेपाल

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग

| | | | | |
|---|---|---|---|---|
| ८ | नयाँ पदमार्ग निर्माण गर्दा स्थानीय कच्चा पदार्थको प्रयोग नहुने साथै पुराना पदमार्ग समेत नष्ट हुन पुगेको साथै कतिपय पदमार्ग पर्यटनमैत्री नरहेको। | पर्यटनमा असर नपर्ने गरी पूर्वाधार निर्माण कार्य गर्ने साथै पर्यटकीय पदमार्ग निर्माण गर्दा स्थानीय कच्चा पदार्थको उपयोगमा प्राथमिकता दिने। | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ९ | डि.पि.आर. सम्पन्न भएका अस्पताल निर्माणका योजनामा बजेट विनियोजन सम्बन्धमा। | डि.पि.आर. सम्पन्न भएका अस्पताल निर्माणमा बजेट विनियोजनमा प्राथमिकता दिई सम्बन्धित मन्त्रालयबाट वार्षिक बजेट तथा कार्यक्रम बनाउँदा प्रस्ताव गर्नुपर्ने। | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | आर्थिक मामिला मन्त्रालय |
| १० | उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनको न्यूनता समेतका कारण जनस्वास्थ्यमा गम्भीर समस्या आएको । | उपभोक्ता शिक्षा तथा जनहित प्रवर्धन हेतु विक्रेता शिक्षा, सचेतना, दण्ड जरिवाना लाई कडाईका साथ लागु गर्ने। | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ११ | दुई वा सोभन्दा बढी स्थानीय तहको सीमानामा तटबन्ध तथा अन्य निर्माण कार्य गर्दा जग्गा प्राप्तिमा समस्या। | प्रदेशले प्राविधिक पक्ष समेतमा समन्वयकारी भूमिका खेल्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | विषयगत मन्त्रालय |
| १२ | प्रदेश तहका योजना सम्झौता तथा कार्यान्वयन गर्दा प्रदेशको मन्त्रालय/निर्देशनालयमा आउनुपर्दा समय, लागत बढ्ने । | जिल्ला तथा स्थानीय स्तरमै योजना सम्झौता गर्न मिल्ने व्यवस्था गर्ने। | विषयगत मन्त्रालयहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| १३ | पोखरा बसपार्क, पृथ्वीकचोकमा जग्गा व्यवस्थापनको समस्या। | सरकारी जग्गाको उद्देश्यमूलक उपयोग गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | कृषि तथा भूमिव्यवस्था मन्त्रालय |

## प्रदेश समस्या समाधान समितिको मिति २०८० मंसिर २७ गतेको निर्णयानुसार राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाउने विषयहरु

मिति २०८०।०८।२७ गते बुधवारका दिन गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री एवं प्रदेश विकास समस्या समाधान समिति (PDPAC) का अध्यक्ष माननीय सुरेन्द्रराज पाण्डेज्युको अध्यक्षतामा बसेको प्रदेश विकास समस्या समाधान समितिको आठौं बैठकका निर्णयबाट राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने निर्णयहरुः

| क्र. सं. | समस्या | निर्णय | प्रमुख जिम्मेवार मन्त्रालय/निकाय | सहयोगी मन्त्रालय/निकाय |
|---|---|---|---|---|
| १ | मनाङ र मुस्ताङ जिल्लामा ठूलो परिमाणमा जग्गाको नापी नभएको हुँदा व्यक्तिको नाममा जग्गा नरहेकोले शितोष्ण फलफूल उत्पादन कार्यक्रम कार्यान्वयनमा कठिनाई रहेको। | मनाङ र मुस्ताङ जिल्लाका लागि सार्वजनिक जग्गामा समेत निश्चित अवधिका लागि लिज वा करार गरी शितोष्ण फलफूल उत्पादन कार्यक्रम कार्यान्वियन गर्नुपर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | कृषि तथा भूमि व्यवस्था मन्त्रालय |
